म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०५ सोमबार, १५ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 1 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका
साझाकुरा
साझाकुरा राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## हाटबजार मेलाको तयारी तीव्र

हेटौंडा, १४ मंसिर/स्थानीय उत्पादन प्रवर्द्धन, बजारीकरण तथा कला-संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सञ्चालन हुने हाट बजार र भर्याङ्ग कालिका मेलाको तयारी तीव्र पारिएको छ । गाउँपालिकाको वडा नम्बर ३, पलाँसेमा मङ्सिर १६ र १७ गते आयोजना हुने कृषि हाट बजार तथा भर्याङ्गकालिका मेलाको तयारी तीव्र पारिएको हो । मेला आयोजक समितिका अनुसार मङ्सिर १६ गते कृषि हाट बजार सञ्चालन हुने छ । हाट बजारमा किसानले स्थानीय रूपमा उत्पादन गरेका गेडागुडी, तरकारी, स्थानीय पशुपक्षीको मासु तथा परिकार, विविध स्थानीय खानेकुराहरू प्रदर्शनी तथा बिक्रीका लागि राखिने छन् । स्थानीय उत्पादनका स्टल मेलाको मुख्य आकर्षण हुने जनाइएको छ । त्यसैगरी, मङ्सिर १७ गते हुने भर्याङ्गकालिका मेलामा चेपाङ, तामाङ र मगर समुदायका मौलिक नृत्य, बाँसुरीका धुन, पञ्चेबाजा, खैजडी भजन, टुङ्गना र डम्फुका प्रस्तुतिसहित सांस्कृतिक विविधता झल्किने कार्यक्रम तय गरिएको आयोजकले जानकारी दिएको छ । मेलामा कलाकार सानु के.सी., स्मृति गौतम, रविन कुमार चेपाङ, गीता तामाङ, उद्धव कार्की, लक्ष्मी दर्नाल, गोकुल ढकाल, बलबहादुर वाइबा लगायतले प्रस्तुति दिनुहुने आयोजकले जनाएको छ ।

### २०८० पुस १७ गतेको फैसलालाई टेकेर सडक डिभिजन अघि बढ्दै

# सडक विस्तारको क्रममा ५ सय ३१ घरटहरा प्रभावित हुने

मनिल महतो

हेटौंडा, १४ मंसिर/ सडक विस्तारको क्रममा हेटौंडा उपमहानगरपालिकामा ५ सय ३१ घरटहरा प्रभावित हुने भएको छ । हेटौंडा उपमहानगरभित्र पर्ने महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका ५ सय ३१ घरटहरा भत्किने भएका छन् ।





सडक डिभिजन कार्यालय हेटौंडाले आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै सडकको दायाँतर्फ २ सय ३४ र बायाँतर्फ २ सय ९७ संरचना भत्किने जानकारी दिएको हो । डिभिजन कार्यालयका प्रमुख गुरुप्रसाद अधिकारीका अनुसार रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म ६ दशमलब ३ किलोमिटर र बुद्धचोकदेखि सामरी पुलसम्म ३ दशमलब २ किलोमिटर गरी कुल ९ दशमलब ५ किलोमिटर क्षेत्रमा सडक विस्तार हुनेछ । हालसम्म कार्यालयमा सडक विस्तारबाट पूर्ण रुपमा घरबिहिन हुन्छु भनेर कसैले पनि निवेदन नदिएको उनले बताए ।

प्रमुख अधिकारीले सडक विस्तारको लागि आवश्यक इक्युप्मेन्ट तयारी अवस्थामा रहेको बताए । सरकारी निकायदेखि राजनीतिक दल, सुरक्षा संयन्त्रसँग पर्याप्त मात्रामा छलफल भइरहेको उनले जानकारी दिए । प्रमुख अधिकारीले २५ दिनभित्र संरचना भत्काइसक्ने र त्यसपश्चात डिपिआर बनाएर अघि बढ्ने उल्लेख गरे । सडक विस्तारको क्रममा निस्कने फोहोरलाई उचित तरिकाले व्यवस्थापन गरिने उनले बताए । सर्वोच्च अदालतको मिति २०८० पुस १७ गतेको फैसलालाई टेकेर आफूहरुले काम गरेको उनले जानकारी दिए ।

'नेपाल बैंकले २० गते भन्दा अगाडि नै स्थानान्तरण गर्छु भनिसकेको छ, हिमालयन बैंकले एटीएम मेशिनलाई व्यवस्थापन गर्ने जानकारी गराएको छ, मकवानपुर उद्योग वाणिज्य संघलाई हामीले संरचना हटाउन पत्राचार गरिसकेका छौँ' पत्रकार सम्मेलनमा प्रमुख अधिकारीले भने, 'अरु संस्थाहरु खासै प्रभावित हुने देखेका छैनौँ, ३ वटा पेट्रोल पम्पलाई हामीले पत्र दिइसकेका छौँ ।' प्रमुख अधिकारीले संरचना भत्काउने क्रममा धार्मिक आस्थासँग जोडिएको संरचनालाई क्षति नपुऱ्याउने स्पष्ट पारे । सडक विस्तारको क्रममा पछि स्थानान्तरण गर्ने उनले बताए । प्रमुख अधिकारीले वातावरणीय प्रभावलाई समेत ध्यान दिएर काम अघि बढाउने बताए ।

मंसिर १९ गतेसम्म घर धनी र व्यवसायीले आफ्नो व्यवस्थापन गरिसक्ने विश्वास ब्यक्त गर्दै तोकिएको अवधि सम्ममा सरंचना खालीनगरे कानुनी कारबाहि प्रक्रिया अगाडि बढाउने प्रमुख अधिकारीले बताए । पत्रकार सम्मेलनमा डिभिजन प्रमुख अधिकारीले सार्वजनिक सडक ऐन २०३१, सार्वजनिक सडकको व्यवस्थापन र जग्गा अधिग्रहण दिग्दर्शन, २०५९ र सर्वोच्च अदालतको फैसलाको कानुनी आधारमा सडक सीमा संरक्षण हुने बताए । उनकाअनुसार मुद्दा फैसलाको तथ्यांकका आधारमा सडक सीमाक्षेत्रमा निर्मित घर, संरचनाका धनीबाट ३ सय ४३ वटा मुद्दा दायर भएको उल्लेख छ ।

सडक डिभिजनले २०७३ माघ १९ गतेको उच्च अदालत पाटकको आदेश र २०८० पुस १७ गतेको सर्वोच्च अदालतको फैसलालाई आधार बनाएर सार्वजनिक सडक ऐन, २०३१ बमोजिम राष्ट्रिय राजमार्गको सीमा संरक्षण गर्नु आवश्यकता रहेको औंल्याएको छ । दायर ९ वटा मुद्दामा उच्च अदालत पाटनको संयुक्त इजलासले 'रिट निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन' उल्लेख रहेकोलाई एउटा आधार बनाएको छ । २०८० असार १० गते प्रकाशित सडक विस्तारसम्बन्धी सूचनाउपर दायर रिट २०८० पुस १७ गते सर्वोच्च अदालतले खारेज गरेको र फैसलाको आदेश खण्डमा उल्लेख भएको विषय डिभिजनले उठाएको छ ।

'तत्कालीन राजमार्ग व्यवस्था ऐन, २०२१ बामोजिम मिति २०२१/११/११ मा प्रकाशित सूचना बमोजिमको राजमार्गको क्षेत्र घोषित सडकको केन्द्रबाट दायाँ-बायाँ २५/२५ गजसम्मको जग्गाको हकमा सो ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्था छ भनि निवेदकले प्रमाणित गर्न सकेको अवस्था बाहेक क्षतिपूर्ति पाउने अवस्था हुँदैन,' सर्वोच्चको आदेशमा भनिएको छ । सडक डिभिजनले उपलब्ध गराएको फैसलापत्रमा भनिएको छ, 'निवेदकले सो अवस्था देखाई दाबी गरेको अवस्था छैन । तसर्थ, सडक केन्द्रबिन्दुबाट दायाँ-बायाँ २५/२५ गजको हकमा क्षतिपूर्ति वा मुआब्जा दिनु नपर्ने स्पष्ट व्यवस्था रहेको छ ।'

'निवेदकले जानीजानी सडकक्षेत्र अतिक्रमण गरी घरटहरा समेतको संरचना निर्माण गरी उपभोग गरेको आधारमा सडकक्षेत्रमा निवेदकको अधिकार सिर्जना हुन नसक्ने हुँदा अतिक्रमित क्षेत्रबाट हटाउँदा निवेदकको सम्पत्तिको हक, आवासको हकसमेतको संविधानको धारा २५ र ३७ द्वारा प्रदत्त संवैधानिक हकमा प्रतिकूल असर पर्छ भन्न नमिल्ने' फैसला सर्वोच्चले गरेको छ । डिभिजन प्रमुख अधिकारीले २०७३ देखि सर्वोच्च अदालत र उच्च अदालत पाटनमा दायर गरिएका रिटका फैसला प्राप्त नहुँदासम्म सडकसीमा खाली गराउन नसकिएको बताए । २०७३ असार १६ गते सूचना निकालेर सडकसीमा अतिक्रमण हटाउने प्रक्रिया थालनी भएपनि सर्वोच्च अदालतबाट स्टे अर्डर प्राप्त भएकाले काम रोक्नु परेको अधिकारीले बताए ।

२०८० असार १० गते पुन: सूचना प्रकाशित गरिएको तर, १४ जना सरोकारवालाबाट (मुद्दा नम्बर ०८०-डब्लू-००५० मार्फत) उत्प्रेषणसमेतको आदेश माग भएकोले काम रोक्नु परेको डिभिजन प्रमुख अधिकारीले उल्लेख गरे । सडक डिभिजनले २०७३, २०७६, २०८० र २०८२ मा गरेर चारपटक सूचना निकालेको कार्यालयले जनाएको छ । २०७३ यता चारपटकसम्म सूचना निस्किएर पनि सडक विस्तार गर्न नसकेको सडक डिभिजनले 'अन्तिम सूचना' को संज्ञा दिँदै सडक सीमाभित्र निर्मित घरटहरा तथा संरचना हटाउन १९ मंसिरसम्मको समय तोकेको छ ।

मंसिर २० गतेदेखि हेटौंडा बजारको सडकमा सवारीसाधन सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम अगाडि बढाउने डिभिजनको तयारी छ । हाल कार्यालयले तोकिएको सीमाक्षेत्रभित्र सडक रेखाकंन र वैकल्पिक मार्ग पहिचानको कार्य गरिरहेको प्रमुख अधिकारीले जानकारी दिए ।

#### जनकपुरबाट दुईवटा र काठमाडौंबाट चारवटा ह्वील एक्साभेटर ल्याउने तयारी

हेटौंडामा मंसिर २० गतेबाट सुरुहुने सडक विस्तारका लागि आवश्यक सबै हेभी इक्युप्मेन्ट तयारी अवस्थामा राखिएको छ । सडक विस्तारका क्रममा डोजरसहित २० वटा हेभी मेसिन परिचालन गर्न लागिएको हो । पहिलोचरणमै २० वटा डोजर प्रयोग गरिने र आवश्यकता अनुसार जनकपुर र काठमाडौंबाट थप उपकरण ल्याइने सडक डिभिजन कार्यालयले जनाएको छ ।

हेभी इक्युप्मेन्ट हेटौंडाका सूचना अधिकारी वरुणकुमार शाहका अनुसार जनकपुरबाट दुईवटा र काठमाडौंबाट चारवटा ह्वील एक्साभेटर थप ल्याउने तयारी गरिएको छ । पिचरोडको क्षति न्यून बनाउन ह्वील भएको एक्साभेटर प्रयोग गर्न लागिएको हो । लामो बुम हुने उपकरणमार्फत् ३ देखि ४ तलासम्मका संरचना सहजै भत्काउन सकिने शाहले बताए । सडक विस्तारको कार्यलाई सुचारु बनाउन २० जना अपरेटर र ५ जना मेकानिक समेत तयारी अवस्थामा राखिएका छन् ।

# सहिदस्मारक प्रिमियर लिग-सिजन १ को अक्सन सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुरको हेटौंडामा शनिबार वागेश्वरी टोल विकास संस्थाको आयोजनामा आगामी मंसिर २० गतेबाट हेटौंडा-११ मा सञ्चालन हुने सहिदस्मारक प्रिमियर लिगमा सहभागी खेलाडीको अक्सन भएको छ ।

हेटौंडा-४, खोपेगल्ली स्थित होटल आशीर्वादमा वागेश्वरी टोल विकास संस्थाका खेलसंयोजक सुदीप श्रेष्ठको अध्यक्षतामा भएको खेलाडी अक्सन कार्यक्रममा गोल्फिन्टार किङ्स, बागथली वारीयर्स, नवलपुर टाइटन्स र थानाभन्याङ म्याव्रिक्स गरी चारवटा क्लबको सहभागीता रहेको थियो । प्रत्येक क्लबले अक्सनमा सहभागी भई २५ हजार रुपैयाँको सीमाभित्र खर्च गरी मार्की प्लेयरसहित अन्य १४ खेलाडी सोल्ड गरेको आयोजक सदस्य जिके बिष्णुले बताए ।

यस्तै लिगमा आमन्त्रित सहभागी क्लबको रुपमा रहेको हेटौंडा एकेडेमीले भने अक्सनमा सहभागी नभएको र क्लबसँग ९ जना खेलाडी रहेको र अनसोल्ड भएका खेलाडीमध्येबाट वडा बाहिरका ५ जना ग्रेडअनुसार खेलाडी प्रदान गरिने उनले जानकारी दिए । जिके बिष्णुले भने सबै क्लबले मार्की प्लेयरको रुपमा खेलाडी चयन गरीसकेका छन् । जसमा गोल्फिन्टार किङ्सले नवीन शर्मा, बागथली वारीयर्सले मन्दिप श्रेष्ठ, नवलपुर टाइटन्सले असिम श्रेष्ठ र थानाभन्याङ म्याव्रिक्सले विपुल खनाल र हेटौंडा एकेडेमीले विकास पटेललाई यसअघि नै मार्की प्लेयरका रुपमा चयन गरीसकेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि बागेश्वरी टोल विकास संस्थाकी अध्यक्ष उर्मिला आचार्यले आफूहरुले स्थानीय खेलाडीको प्रबर्द्धन गर्न थालेको अभियानमा सबै वडावासीले सक्रिय सहभागी भइरहेकाले खुशी लागेको बताइन् । उनले आगामी दिनमा सहिदस्मारक प्रिमियर लिगलाई निन्तरता दिने प्रतिबद्धता गरिन् ।

अक्सनमा ४२ जना वडाभित्रका खेलाडी र जिल्लाभित्रका तर, वडाबाहिरका ४४ जना गरी ८६ खेलाडी अक्सनमा सहभागी रहेका थिए । उनीहरुलाई ए, बी, सी गरी तीन ग्रेडमा विभाजन गरीएको र उनीहरुको अक्सन मूल्य पनि फरकफरक राखिएको आयोजक सदस्य सञ्जय बिडारीले बताए । सहिदस्मारक प्रिमियर लिग आगामी मंसिर २० गतेबाट मंसिर २७ गतेसम्म हेटौंडा-११ मा रहेको हेटौंडा एकेडेमीको खेलमैदानमा हुने आयोजकले बताएका छन् ।

## राक्सिराङमा ५ वटा खानेपानी योजनाको सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि प्राथमिकतामा रहेका ५ वटा खानेपानी तथा सरसफाई योजना दातृनिकाय वाइन टु वाटर नेपालसँगको साझेदारीमा अघि बढाउने भएको छ ।

गाउँपालिका र वाइन टु वाटरको प्रतिनिधिबीच शुक्रबार ५ वटा योजनाको सम्झौता भएको हो । सम्झौतामा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत सन्देश मास्के, वडा नम्बर ३ अध्यक्ष उत्तम वाइबा, वाइन टु वाटर नेपालको कार्यक्रम संयोजक यज्ञराज जोशी र प्रतिनिधिको उपस्थिति रहेको थियो । गाउँपालिकाको अनुसार एक वर्षभित्र सम्पन्न हुने योजनामा १ नम्बर वडाको माथिल्लो ढुङ्गेनी-तल्लो खानेपानी तथा सरसफाई योजना, ९ को झामराङ, कर्कटा, तल्लोगाउँ, कोदेबाङ खानेपानी तथा सरसफाई योजना, ८ नम्बर वडाको कालिथान-हात्तीखोला खानेपानी तथा सरसफाई योजना, ७ को काकुलिङ खोला-बेशी खानेपानी तथा सरसफाई योजना र ६ को सिदाम खानेपानी तथा सरसफाई योजना रहेका छन् ।

सबै योजना स्थानीय समुदायसँगको सहकार्यमा अघि बढाइने वाइन टु वाटर नेपाल जनाइएको छ । ७५ प्रतिशत दातृनिकाय र २५ प्रतिशत गाउँपालिकाको बजेट लगानी रहने व्यवस्था गरिएको छ । वाइन टु वाटर नेपालले योजनाका लागि १ करोड ७१ लाख ३ सय १३ रकम उपलब्ध गराउनेछ भने गाउँपालिकाले ६५ लाख ७० हजार ४३ रुपैयाँ आर्थिक साझेदारी सुनिश्चित गरेको छ ।

## औषधि व्यवसायी आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ औषधि व्यवसायीले संघीय सरकारले गरेको औषधि ऐन-२०३५ को संशोधन माथि आपत्ति जनाउँदै आन्दोलन सुरु गरेका छन् ।

नवीकरणमा ढिलाई हुँदा शतप्रतिशत जरिवाना र ३१ दिनपछि दर्ता नै खारेज हुने व्यवस्था लागू गरिएकोप्रति व्यवसायीले असहमति जनाएका हुन् । आन्दोलनको कार्यक्रम अन्तर्गत, आइतबार हेटौंडाका औषधि व्यवसायीले बिहान ११ बजेदेखि १२ बजेसम्म एक घण्टाका लागि पसल बन्द गरी विरोध जनाएका थिए । हेटौंडा-१, राप्तीरोडस्थित औषधि व्यवसायी संघ मकवानपुरको कार्यालय परिसरमा भेला भएर व्यवसायीले र्‍यालीसमेत निकालेका थिए । र्‍यालीले राप्तीरोड, भिन्तुनापथ हुँदै पुन: कार्यालयमा नै पुगेर सभामा परिणत भएको थियो ।

सभालाई सम्बोधन गर्दै औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठले व्यवसायी माथि अन्याय हुने व्यवस्था खारेज गर्न माग गरे । विवादित उपदफा खारेज नभएसम्म आन्दोलनलाई थप कडा बनाउँदै लैजाने चेतावनी संघले दिएको छ । धर्ना कार्यक्रम सोमबार र मंगलबार रहने बताइएको छ । दैनिक एकएक घण्टा थप गर्दै दबाबमूलक आन्दोलनलाई निरन्तरता दिने संघका अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले सबै व्यवसायीको हकहितका लागि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको बताए ।

**गोदाम भाडामा**

हेटौंडा-२ संगमचोक फापरबारी बसपार्कसँगै कम्पाउण्ड सहित सटर गोदाम भाडा उपलब्ध छ । भाडामा लिन ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५५०६७१०१**

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
| --- | --- |
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# पसल खाली गर्न 'सेल'

सडक बिस्तारका क्रममा पसल व्यवसाय भत्कने भएपछि व्यवसायीले अन्तिम बिकल्पका रुपमा सामान सेलमा लगाउन थालेका छन् । मंसिर २० गतेदेखि हेटौंडामा सडक विस्तार सुरुहुने निश्चित भएपछि प्रभावित क्षेत्रमा पर्ने व्यवसायीले आफ्ना सामग्री कम मूल्य 'सेल' मा बिक्री गर्न थालेका हुन् । विशेषगरी फर्निचर व्यवसायीले दराज, पलङ, कुर्सीलगायत फर्निचर सामान सस्तो मूल्यमा बिक्री गर्दा ग्राहकको भीड बढेको छ । बिहीबारदेखि सुरु गरिएको सेलमा दुई दिनमै करिब ८० प्रतिशत सामग्री बिक्री भएको व्यवसायीले बताएका छन् । मंसिर महिना विवाहको सिजन पनि भएकाले सामान किन्नेको संख्या बढेको व्यवसायीको अनुमान छ । सडक विस्तारमा पर्ने संरचना भत्किने लगभग पक्का भएपछि सामान बेचेर पसल खाली गर्नुबाहेक विकल्प नदेखिएको व्यवसायीले बताएका छन् । उपमहानगरपालिकाले वैकल्पिक स्थान तोकेको भए सरसामान सारेर व्यवसाय निरन्तर गर्न सकिने भएपनि सूचना समाप्त हुन लाग्दा पनि खासै पहलकदमी नदेखिएपछि सेलमा बिक्री गर्नुपरेको फर्निचर व्यवसायीको भनाइ छ । बैंकरोडका फर्निचर व्यवसायीका साथै चस्मा, जुत्ता तथा अन्य व्यवसायीले पनि सेल सुरु गरेका छन् ।

राप्तीरोड क्षेत्रका व्यापारीले पनि पसलका सामान सस्तोमा बेच्न थालेका छन् । समयमै सामान बेच्नपाए घाटा कमहुने, अर्को उपयुक्त स्थानको अभावलगायत कारणले सस्तोमा सामान बेच्न बाध्य भएको व्यवसायीले बताएका छन् । लगानीभन्दा कम मूल्यमा सामान बेचेर सडक विस्तारमा राज्यलाई सहयोग गरेको तर, राज्यले भने उचित व्यवस्थापनतर्फ ध्यान नदिएकोमा व्यवसायी रुष्ट बनेका छन् । हेटौंडामा सडक विस्तारको काम सुरु भएपछि २५ गज सीमाक्षेत्रमा पर्ने घरधनीले राज्यले उचित क्षतिपूर्ति दिएमा मात्र आफ्ना संरचना भत्काउन तयार रहेको बताएका छन् । आफूहरुलाई सुकुम्बासी बनाउन नपाइने भन्दै आफूहरु विकास विरोधी नभएको र उचित व्यवस्थापन भएमा आफ्नो घरजग्गा राज्यलाई दिन तयार रहेको धारणा राखेका हुन् । सडक विस्तार आवश्यक रहेको स्वीकार्दै राज्यले व्यक्तिको निजी सम्पत्ति प्रयोग गर्दा उपलब्ध गराउनुपर्ने मुआब्जाका विषयमा ध्यान दिनुपर्ने पीडितले बताएका छन् । व्यवसायीले सामाजिक सञ्जालमा पेट्रोलियमपदार्थ बन्द गराउनतर्फ लाग्ने, बिजुलीको मिटर सार्न लगाउने, टेलिफोन, खानेपानीलाई पत्राचार गरेर दमनको झल्को दिने यो के तरिका हो भनेर गुनासो गर्न थालेका छन् । सडक डिभिजन कार्यालयले भने सडक विस्तारको आन्तरिक तयारीलाई तीव्र बनाएको छ । सीमा क्षेत्रका संरचना हटाउनका लागि १५ दिने सूचना प्रकाशित, विशेष टास्क फोर्स गठन, माइकिङ, रेखांकन कार्यका साथै विद्युत्, खानेपानी र टेलिफोनका संरचना हटाउन समन्वयलगायत कार्य भइरहेका छन् । सीमाक्षेत्रमा रहेको पेट्रोलपम्पलाई पेट्रोलियमपदार्थ नदिनका लागि आयल निगम अमलेखगञ्जलाई पत्राचार गरिएपछि बैंकरोडमा रहेको बलराम दास एण्ड सन्स पम्पले आफ्ना संरचना स्थानान्तरणको काम अगाडि बढाएको छ । टास्क फोर्सले बुधबारबाटै माइकिङसहित प्रारम्भिक कार्य सुरु गरिसकेको छ ।

प्रशासन र सडक कार्यालयले सडक सीमाक्षेत्रमा निर्माण गरिएका स्थायी तथा अस्थायी संरचना हटाउन बिहीबारबाट रेखांकन र रङ लगाउने काम थालेको हो । हेटौंडा-१५ रातोमाटेबाट मार्किङको काम सुरु गरेको हो । निर्धारित समयमा सडक सीमाक्षेत्रमा संरचना नहटाएमा मंसिर २० गते बिहानैदेखि डोजर परिचालन गरी सडक विस्तारको काम अघि बढाइने डिभिजन सडक कार्यालयले जानकारी दिएको छ । एकैस्थानबाट भत्काउन सुरु गर्दा भीड बढी हुने सम्भावना रहेको भन्दै विभिन्न स्थानबाट एकैपटक डोजर चलाइने रणनीतिमा सथानीय प्रशासन अघि बढेको छ । १९ गतेसम्म अतिक्रमित संरचना आफैं नभत्काए २० गतेबाट अतिक्रमित संरचना भत्काउन डोजर प्रयोग हुन्छ भनेर डिभिजन सडक कार्यालयले चेतावनी दिइरहेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले अतिक्रमित संरचना हटाउन सुरु भएपछि बजारक्षेत्रको मुख्य सडकमा सवारीसाधन आवागमन रोकिने र बाइपास सडक प्रयोग गर्ने गरी व्यवस्थापन थालेको बताएको छ । जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सवारी आवतजावतका लागि वैकल्पिक व्यवस्थापनको काम थालेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १६ गते मंगलबार २ डिसेम्बर २०२५ । द्वादशी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३९ सूर्यास्त ५:०६। विश्व दासता उन्मूलन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# भूराजनीतिक चेपुवामा नेपाल: आर्थिक समृद्धि र राष्ट्रिय सुरक्षाको अग्निपरीक्षा



✍ गणेश अम्गाई

नेपाल दुई उदाउँदा विश्व शक्तिहरू चीन र भारतको बीचमा रहेको एक भूपरिवेष्टित राष्ट्र हो, जसको भू-सामरिक अवस्थिति सँगै चुनौती र अपार अवसर दुवै जोडिएका छन् । सन् २००६ पछि राजनीतिक प्रणालीमा परिवर्तन आए पनि, संविधान निर्माण, संघीयताको कार्यान्वयन र बारम्बारको सरकार परिवर्तनले गर्दा घरेलु राजनीति चरम अस्थिरताको चक्रमा फसेको छ । यो अस्थिरताले नेपालको आर्थिक विकास र राष्ट्रिय सुरक्षाको रणनीतिलाई कमजोर बनाएको छ । घरेलु राजनीतिको यो शून्यतालाई दुवै छिमेकी र अन्य अन्तर्राष्ट्रिय शक्तिहरूले आफ्नो प्रभाव विस्तार गर्ने अवसरका रूपमा उपयोग गर्न थालेका छन् ।

विश्वमा भूराजनीतिक प्रतिस्पर्धा तीव्र भइरहेका बेला, अमेरिकी लगानीको एमसीसी (MCC) र चीनको बीआरआई (BRI) जस्ता ठूला पूर्वाधार परियोजनाहरू नेपालको राजनीतिको केन्द्रमा आउँदा नेपालको असंलग्न परराष्ट्र नीति माथि ठूलो दबाब सिर्जना भएको छ । आन्तरिक द्वन्द्व, व्यापक भ्रष्टाचार र कमजोर सुशासनका कारण नेपालको अर्थतन्त्र बाह्य सहयोग र रेमिट्यान्समा अत्यधिक निर्भर छ । यी सबै कारकहरूले नेपाललाई भूराजनीतिक खिचातानी र आर्थिक परनिर्भरताको दोहोरो चपेटामा पारेका छन्, जसको सीधा असर राष्ट्रिय सुरक्षा, दिगो विकास र वैदेशिक सम्बन्धको सन्तुलनमा परेको छ । यो अवस्थाले देशको आत्मनिर्भरता र स्वार्थमा आधारित स्वतन्त्र निर्णय लिने क्षमतालाई गम्भीर रूपमा प्रभावित पारेको छ ।

**राजनीतिक अस्थिरता: विकासमा अवरोध, सुशासनको ह्रास र बाह्य शक्तिको प्रवेशद्वार**

नेपालमा लामो समयदेखि देखिएको राजनीतिक अस्थिरता नै आर्थिक र सुरक्षा चुनौतीको प्रमुख स्रोत हो । २०७२ सालको संविधान जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि, गठबन्धनको अस्वस्थ प्रतिस्पर्धा र साना दलहरूको अस्वाभाविक मोलतोलले गर्दा सरकारको आयु छोटो हुने प्रवृत्ति मौलाएको छ । यो अस्थिरताले नीतिगत स्थिरता र सुशासनमा गम्भीर असर पारेको छ, जसका कारण दीर्घकालीन राष्ट्रिय हितका योजनाहरू (जस्तै: ठूला जलविद्युत् आयोजना, राष्ट्रिय गौरवका पूर्वाधार विकास) बारम्बारको सरकार परिवर्तनका कारण कार्यान्वयन हुन सकेका छैनन् र पुँजीगत खर्च वर्षौंदेखि न्यून रहदै आएको छ । विकास परियोजनाहरू राजनीतिक स्वार्थको सिकार बन्ने, कर्मचारीतन्त्रमा दण्डहीनता बढ्ने र नीतिगत भ्रष्टाचार मौलाउने अवस्थाले लगानीको वातावरण ध्वस्त भएको छ । यसले गर्दा वैदेशिक लगानी (FDI) लाई निरुत्साहित गरेको छ र देशको व्यापार घाटा चुलिएको छ ।

अर्कोतर्फ, जब घरेलु राजनीति कमजोर र विचलित हुन्छ, तब छिमेकी तथा अन्य शक्ति राष्ट्रहरूलाई नेपालको आन्तरिक मामिलामा सहजै हस्तक्षेप गर्ने र आफ्ना स्वार्थ अनुकूलको वातावरण सिर्जना गर्ने अवसर मिल्छ । एमसीसी र बीआरआई जस्ता भूराजनीतिक महत्त्वका परियोजनाहरूमा देखिएको दलीय विभाजन ले यसै कुराको पुष्टि गर्छ । थप रूपमा, पहिचानको राजनीति र लोकवादको बढ्दो प्रभावले सामाजिक ध्रुवीकरणलाई बढाई राष्ट्रिय एकतालाई कमजोर बनाउन सक्छ, जुन राष्ट्रिय सुरक्षाका लागि अर्को ठूलो चुनौती हो । कमजोर र दूरदृष्टि नभएको नेतृत्वका कारण देशले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्न समेत कठिन भएको छ, जसको सीधा असर राष्ट्रिय हित र देशको सार्वभौमिक निर्णय क्षमतामा पर्न जान्छ ।

**सन्तुलित कूटनीतिको चुनौती: बहुआयामिक सुरक्षा संवेदनशीलता र शक्ति राष्ट्रहरूको 'ग्रेट गेम"**

नेपालको राष्ट्रिय सुरक्षाको अवधारणालाई अब परम्परागत सैन्य सुरक्षाको घेराबाट बाहिर निकाल्नु आजको आवश्यकता हो । आजका सुरक्षा चुनौतीहरूमा आर्थिक सुरक्षा, खाद्य सुरक्षा, साइबर सुरक्षा र जलवायु परिवर्तन जस्ता गैर-परम्परागत आयामहरू पनि समावेश छन्, जसलाई सम्बोधन गर्न पुरानो सुरक्षा संरचना पर्याप्त छैन । तर, नेपालको भूराजनीतिक संवेदनशीलता सबैभन्दा ठूलो चिन्ताको विषय हो । भारत र चीनको बढ्दो विश्व शक्ति र उनीहरूको बीचमा नेपालको अवस्थिति आफैमा चुनौतीपूर्ण छ । भारतको सुरक्षा चासो (खुला सिमाना, सीमा विवाद, तिब्बत मामिलामा संवेदनशीलता) र चीनको रणनीतिक चासो (तिब्बत सुरक्षा, बीआरआईको विस्तार, बढ्दो अमेरिकी/पश्चिमी प्रभाव नियन्त्रण) ले नेपालको विदेश नीतिलाई नाजुक सन्तुलनमा राख्न बाध्य बनाएको छ ।

शक्ति राष्ट्रहरूको 'ग्रेट गेम' (Great Game) मा नेपाललाई केवल बफर स्टेट (Buffer State) नभई दुवै छिमेकी र अन्तर्राष्ट्रिय समुदायलाई जोड्ने गतिशील पुल (Dynamic Bridge) का रूपमा स्थापित गर्न आवश्यक छ, तर आन्तरिक राजनीतिक खिचातानीका कारण नेपालले आफ्नो असंलग्नता र तटस्थतालाई जोगाउन संघर्ष गरिरहेको छ । अमेरिकी इन्डो-प्यासिफिक रणनीति (IPS) र चीनको बीआर आई बीचको प्रतिस्पर्धाले नेपालको आन्तरिक मामिलामा अनावश्यक दबाब सिर्जना गरेको छ र परियोजना छनौटमा राजनीतिकरण भएको छ । कुनै एक ध्रुवतिर झुकाव राख्दा अर्को छिमेकीको सुरक्षा चासोमा आँच आउने र त्यसको बदलामा आर्थिक/भौगोलिक दबाब वा अन्य भूराजनीतिक प्रतिशोधको सामना गर्नुपर्ने जोखिम सधैं विद्यमान छ । नेपालको राष्ट्रिय सुरक्षा नीतिले यी बदलिदा गैर-परम्परागत चुनौतीहरूलाई सम्बोधन गर्दै, राष्ट्रिय हितलाई सर्वोपरि राखी दुवै छिमेकीसँगको सम्बन्धलाई पारस्परिक सम्मान र समानताको आधारमा मात्र अगाडि बढाउन आवश्यक छ । बलियो घरेलु राजनीतिक सहमति र दूरदर्शी नेतृत्व बिना राष्ट्रिय सुरक्षामा बाह्य हस्तक्षेप बढ्दै जाने खतरा रहन्छ, जसले देशको दीर्घकालीन स्थायित्वलाई कमजोर बनाउन सक्छ ।

**आर्थिक परनिर्भरता: दिगो विकासमा अवरोध र आत्मनिर्भर अर्थतन्त्रको खोजी**

नेपालको अर्थतन्त्रले दशकौंदेखि गरिबी, बेरोजगारी र विकासको सुस्त गति जस्ता समस्याहरूसँग जुधिरहेको छ । यसको मुख्य कारण आर्थिक नीतिमा बारम्बारको परिवर्तन, पुँजीगत खर्चमा कमी, व्यापक भ्रष्टाचार र कमजोर सुशासन हो । नेपालको अर्थतन्त्र अहिले पनि वैदेशिक सहायता र रेमिट्यान्समा अत्यधिक निर्भर छ, जसले गर्दा विश्व अर्थतन्त्रमा आउने सानो उतारचढावले पनि यहाँ शोधनान्तर स्थिति र उपभोगमा ठूलो असर पार्छ । कृषि र उद्योग जस्ता उत्पादनमूलक क्षेत्रहरूको आधुनिकीकरण हुन सकेको छैन भने, पर्यटन र जलविद्युत् जस्ता अपार सम्भावना भएका क्षेत्रहरूले राजनीतिक खिचातानी र लालफिताशाहीका कारण पूर्ण रूपमा फड्को मार्न सकेका छैनन् ।

भूराजनीतिको प्रभाव आर्थिक क्षेत्रमा पनि स्पष्ट देखिन्छ, छिमेकी राष्ट्रहरूबाट ठूला लगानी र पूर्वाधार विकासमा सहयोगको अपेक्षा गर्नु स्वाभाविक भए पनि, एमसीसी वा बीआर आई जस्ता परियोजनाहरूलाई घरेलु राजनीतिको स्वार्थ र दलीय विभाजनको कारणले समयमै र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा देशले महत्त्वपूर्ण आर्थिक लाभ गुमाइरहेको छ । विश्वव्यापी रूपमा संरक्षणवादको बढ्दो प्रवृत्ति र ठूला राष्ट्रहरूले आफ्ना घरेलु उत्पादनलाई प्राथमिकता दिदा नेपाल जस्ता साना देशलाई निर्यात प्रवर्द्धन गर्न कठिन भएको छ । दिगो आर्थिक विकासका लागि नेपालले अब आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने नीतिमा जोड दिनुपर्छ । यसका लागि स्थानीय उद्योग र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य र प्रविधिमा उच्च लगानी बढाउनु अपरिहार्य छ । राजनीतिक नेतृत्वले आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउँदै, एकद्वार नीति मार्फत विदेशी लगानी भित्र्याउनका लागि कानुनी, प्रक्रियागत र ब्यूरोक्रेटिक सुधार गर्नु आजको मुख्य आवश्यकता हो, जसले आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न मद्दत गर्नेछ ।

**निष्कर्ष: राष्ट्रिय हितको रक्षा, सुशासन र सन्तुलित विकासको मार्गचित्र**

नेपालको वर्तमान जटिलताको मूल कारण राजनीतिक अस्थिरता, कमजोर सुशासन र भूराजनीतिक खिचातानीको चेपुवामा पर्नु हो । राष्ट्रिय हितलाई केन्द्रमा राखेर आर्थिक समृद्धि र राष्ट्रिय सुरक्षा सुनिश्चित गर्नका लागि अबको बाटो स्पष्ट हुनुपर्छ । सर्वप्रथम, राष्ट्रका प्रमुख राजनीतिक दलहरू बीच राष्ट्रिय हितका मुद्दाहरू (जस्तै: परराष्ट्र नीति, सीमा सुरक्षा, ठूला विकास परियोजना) मा न्यूनतम साझा धारणा र राष्ट्रिय सहमति कायम गर्नु अनिवार्य छ । यसले घरेलु राजनीतिलाई स्थिरता दिन्छ र बाह्य हस्तक्षेपलाई निरुत्साहित गर्छ । दोस्रो, नेपालले असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई अक्षुण्ण राख्दै दुवै छिमेकी भारत र चीनसँग समान दूरीको सम्बन्ध कायम गरी सन्तुलित र सक्रिय कूटनीति अवलम्बन गर्नुपर्छ, बाह्य शक्तिहरूको सुरक्षा चासोलाई सम्मान गर्दै राष्ट्रिय हितमा निडर र स्वतन्त्र भएर निर्णय लिन सक्ने क्षमताको विकास गर्नुपर्छ । तेस्रो, भ्रष्टाचार नियन्त्रण, पुँजीगत खर्चमा सुधार र नीतिगत स्थिरता कायम गरी वैदेशिक लगानीको लागि सहज र सुरक्षित वातावरण बनाउनुपर्छ । कृषि, पर्यटन र जलविद्युत् जस्ता क्षेत्रहरूमा ठोस र परिणाममुखी कार्ययोजना लागू गर्दै रेमिट्यान्स माथिको परनिर्भरतालाई क्रमश: घटाउनुपर्छ ।

अन्त्यमा, राष्ट्रिय सुरक्षालाई गैर-परम्परागत चुनौतीहरू (साइबर सुरक्षा, जलवायु परिवर्तन, सीमापार अपराध) लाई सम्बोधन गर्ने गरी आधुनिकीकरण गर्नुपर्छ र सबै सुरक्षा निकायबीच उच्चस्तरको समन्वय बढाउनुपर्छ । यी रणनीतिक कदमहरू चाल्न सके मात्र नेपालले आफ्नो भूराजनीतिक अवस्थितिलाई चुनौती नभई आर्थिक र कूटनीतिक अवसरमा बदल्न सक्छ र दिगो विकास तथा समृद्धिको मार्गमा आत्मविश्वासका साथ अगाडि बढ्न सक्छ ।

# कार्यकारी प्रमुखको प्रत्यक्ष निर्वाचनको सवाल

✍ श्यामप्रसाद मैनाली

विभिन्न देशले शासन सञ्चालनका उद्देश्यले कार्यकारी प्रमुखको निर्वाचनको व्यवस्था भिन्नभिन्न प्रकारले गर्दै आएका छन् । संयुक्त अधिराज्यमा संसद्बाट प्रधानमन्त्री वा कार्यकारी प्रमुखको निर्वाचन हुन्छ र प्रधानमन्त्री संसद्प्रति जवाफदेही रहन्छन् । प्रधानमन्त्रीलाई प्रत्याह्वान पनि संसद्ले नै गर्दछ । यस्ता प्रणाली अवलम्बन गर्ने अन्य देशहरूमा भारत, जापान, क्यानडा पनि हुन् । प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली भएको देश संयुक्त राज्य अमेरिका हो ।

राष्ट्रपति संविधानमा निर्दिष्ट गरेको अवधिसम्म काम गर्न पाउँछन् । कुनै ठूला प्रकारका घोटालाहरू भएको अवस्थामा सिनेटले यस्ता राष्ट्रपतिलाई राजीनामा गराउँछन्, पदमुक्त गराउँछन् । यस प्रकारको निर्वाचन प्रणाली अवलम्बन गर्ने अन्य देशहरूमा ब्राजिल, मेक्सिको, इन्डोनेसिया हुन् । हाइब्रिड मोडेलका रूपमा कार्यकारी प्रमुखको निर्वाचन गराउने देश फ्रान्स हो । यहाँ राष्ट्रपति जनताद्वारा प्रत्यक्ष निर्वाचित हुन्छन् । प्रधानमन्त्री संसद्प्रति जवाफदेही र उत्तरदायी हुन्छन् । संसद्ले नै प्रधानमन्त्री बनाउँछ । प्रधानमन्त्रीले स्वविवेकमा विज्ञहरूको सूचीबाट मन्त्री बनाउन छुट पाउँछन् । नेपालमा यतिखेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्‍यो भन्ने माग उठ्न थालेको छ । यसैका बारेमा विश्लेषणहरू हुन थालेका छन् । तर प्रत्यक्ष कार्यकारी प्रमुखको निर्वाचन गरिँदा सबै समस्याको समाधान हुन सक्छ ? यो प्रत्युत्पादक हुने त होइन ? आशंका भइराखेको छ । देश विभिन्न प्रकारका प्रणाली र निर्वाचनका कारण प्रयोगशाला बन्दै प्रगतिको पथमा अघि बढ्न नसक्ने त होइन ? आशंका छ । यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विस्तृत अध्ययन विश्लेषण गर्नु जरुरी छ ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी कति उपयुक्त ?**

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख पूरै अवधि पदासीन हुन्छन् । राजनीतिक स्थिरता सम्भव हुन्छ । देशको समग्र विकास र आर्थिक समृद्धिमा सकारात्मक योगदान दिन सक्छ । दूरगामी सोचसहितका योजना, रणनीति तथा नीतिहरू, कार्यक्रमहरूको तर्जुमा गर्दै अघि बढ्ने अवसर प्राप्त हुन्छ । प्रत्यक्ष निर्वाचित भएकाले यस्ता कार्यकारी प्रमुखले जनताको समर्थन प्राप्त गर्दछन् । अतिवादी राजनीतिक प्रभावलाई निस्तेज गर्न यस्ता कार्यकारी प्रमुख प्रभावी देखिएका छन् । संसदीय प्रणालीमा स-साना दलहरुले पनि सरकारसँग अस्वस्थ प्रकारले सौदाबाजी गर्ने अवस्था रहन्छ । यसलाई प्रत्यक्ष निर्वाचित कार्यकारीले खासै सामना गरिराख्नुपर्दैन । जनताप्रति प्रत्यक्ष जवाफदेहिता हुने गर्दछ । लोकतान्त्रिक मूल्य र मान्यता सुदृढ हुन्छ । निर्णय क्षमता र कार्यदक्षतामा वृद्धि हुन्छ । शक्ति पृथकीकरण र सन्तुलनको अवस्थामा प्रभावकारिता सुनिश्चित गर्दछ । संसदीय प्रणालीमा पटक-पटक देखिने दलगत विभाजनको अवस्थालाई यसले निस्तेज गर्दछ । राजनीतिक अस्थिरताका कारण देशले गति लिन नसकेको अवस्थामा नागरिकहरूले यसको प्रत्याभूतिको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नेतर्फ आकर्षित भइराखेको देखिन्छ । यद्यपि धेरै प्रकारका चुनौतीहरु र बेफाइदाहरु पनि देखिएका छन् ।

के कस्ता प्रकारका राजनीतिज्ञहरू प्रत्यक्ष निर्वाचनबाट चुनिदा कार्यकारी प्रमुख बन्ने सम्भावना देखिन्छ ? उनीहरूको विगत कस्तो खालको छ ? यो व्यवस्था गर्नुपूर्व गम्भीर भएर सोच्नुपर्ने हुन्छ । किनकि यसका अनुत्पादक पक्षहरू धेरै छन् । पाँच वर्षसम्म एउटै व्यक्ति र हँदा दूरगामी सोच भएका, राष्ट्रलाई माया गर्ने प्रधानमन्त्री पाउँदाको अवस्थामा यो अत्यन्त उत्पादक हुन्छ । पाँच वर्षसम्म एकै व्यक्तिको हातमा शासन केन्द्रित हुँदा त्यस्तो व्यक्ति स्वेच्छाचारी हुन सक्छ । जनताले हालसम्म प्राप्त गरेका उपलब्धिहरुबाट वञ्चित हुनुपर्ने अवस्था बन्दछ । यस अवस्थामा शक्तिको पृथीकरण र सन्तुलनको अवस्था खलबलिन्छ । यो प्रावधानको इमानदारिताका साथ प्रयोग हुँदा मात्र लोकतन्त्र सुदृढ हुन पुग्छ । पराजित पक्ष पूरै समय सत्ताबाहिर रहन्छ । निर्वाचित कार्यकारी प्रमुख आफ्नो कर्तव्यप्रति विमुख हुँदा समेत निकटतम प्रतिद्वन्द्वीले नियन्त्रण गर्न सक्ने अवस्था रहँदैन । एकपटक जनताले मत दिएर प्रत्यक्ष निर्वाचित गरी पठाएपश्चात् पूरै अवधिका लागि उसको शैली र क्षमताले काम गर्न दिन आजादी प्रदान गरेको हुन्छ । तल्लो तहका निर्वाचित निकायहरू प्रमुख कार्यकारीबाट उपेक्षित हुन सक्छन् । किनकि उनीहरूको मतले कार्यकारी प्रमुख निर्वाचित हुने होइन । समन्वयको अवस्था कमजोर हुन सक्छ । विकेन्द्रीकरणमा पनि प्रश्नचिह्न खडा हुन सक्छ । संघीय शासन प्रणालीमा यस प्रकारको निर्वाचित प्रणालीबाट आएका कार्यकारी प्रमुख स्वेच्छाचारी बन्दा संघीयताको मूल मर्ममा नै आघात पुग्छ । तल्लो तहका सरकारहरु उपेक्षित बन्ने वातावरण बन्छ ।

संयुक्त अधिराज्य र अन्य युरोपियन मुलुकहरूमा संसदीय प्रणाली उपलब्धिमूलक छ । युरोपियन युनियनमा रहेका देशहरूमा प्राय: मिलिजुली सरकार बन्ने गरेको छ, तर सरकारले पूरै समय व्यतीत गरेको छ । युकेमा टोनी ब्लेयरका पालामा शिक्षा, स्वास्थ्यको अवस्थामा अत्यन्त राम्रो सुधार भएको थियो, आर्थिक समृद्धि यस अवधिमा उल्लेखनीय रुपमा भएकै थियो । केही उदाहरणहरू यस सन्दर्भमा प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ । माडागबासकरमा दुई हप्ताको युवाहरूको आन्दोलनले प्रत्यक्ष निर्वाचित राष्ट्रपति एन्ड्री रोजेलिनालाई अपदस्थ गरेको थियो ।

स्थायी सरकार बनाउनको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुनै पर्दछ भन्ने जरुरी हुँदैन । यसका उदाहरण संसदीय प्रणाली अवलम्बन गरिएको देश भारत हो । संसद्बाटै कार्यकारी प्रमुख चुनिई मिलिजुली सरकार बनेको अवस्था देखिन्छ । तर राजनीतिक स्थिरता छ, पूर्ण अवधि काम गर्न नसक्दा पनि नकारात्मक किसिमको प्रभाव खासै देखिएको छैन । यस निर्वाचन प्रणालीबाट अत्यन्त साहसी लडाकु प्रकृतिको तर दूरदर्शिताको अभाव भएको नेता पनि कार्यकारी प्रमुख हुने सम्भावना रहन्छ । यस अवस्थामा राष्ट्रको भौगोलिक अखण्डता, सार्वभौमसत्ता जोखिममा पर्नेसम्मको अवस्था सिर्जना हुन्छ । उदाहरणका लागि युक्रेनमा जेलेन्सकी निर्वाचित भएपश्चात् देशको भौगोलिक अखण्डतामा नै प्रश्नचिह्न खडा भएको छ । विश्वभरि तानाशाहहरूको शासकीय पद्धति हेर्दा उनीहरूले राजनीतिक स्थिरता दिई विकास पनि गरेका छन् । तर अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलन कायम गर्न नसक्दा युद्धको अवस्था आमन्त्रण गरेको देखिन्छ । सद्दाम हुसेन र कर्नेल गद्दाफी यसका उदाहरणहरू हुन् ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले १८० देशहरूको अध्ययन गरेको थियो । अध्ययनको मूल आधार प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएका देशहरूको र संसदीय प्रणाली कायम रही संसद्बाटै कार्यकारी प्रमुख निर्वाचित गरी पठाउने देशहरूको तुलना गरेको पाइन्छ । यी दुवै समूहका देशहरूको तुलना गर्दा जुन देशमा संसदीय प्रणालीमार्फत अथवा अप्रत्यक्ष निर्वाचनबाट प्रमुख कार्यकारी निर्वाचित हुने व्यवस्था छ, त्यस्ता देशहरुमा कार्यकारीको निर्वाचन प्रत्यक्ष हुने देशहरूभन्दा बढी भ्रष्टाचार भएको पाइएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी कायम भएका देशहरु श्रीलंका, रसिया, फिलिपिन्स, टर्की र अप्रत्यक्षतर्फका देशहरू बंगलादेश, क्यानडा, डेनमार्क, भारत, संयुक्त अधिराज्य आदि हुन् । विश्व बैंकले गरेको अर्को अध्ययनलाई आधार मान्ने हो भने आर्थिक समुन्नतिका दिशामा अग्रसर हुने मुलुकहरू पनि तुलनात्मकरुपमा अप्रत्यक्षरुपमा निर्वाचित हुने कार्यकारी प्रमुख भएकै देशहरू देखिन्छन् । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखहरू प्राय: स्वेच्छाचारी हुँदै गएको पाइन्छ । निर्वाचनमा धाँधली गरी लामो अवधिसम्म सत्तामा रहिरहन्छन्, देशको अवस्था नाजुक बनाउँछन् । रुस र टर्की यसका उदाहरणहरू हुन् ।

जर्मनीमा मिलिजुली सरकार हुँदा प्रतिपक्षी दलहरूसँग समझदारी गरेर साझा एजेन्डा तयार पार्दछन् । राजनीतिक स्थिरता र राजनीतिक दलहरुका बीच उच्चस्तरको समझदारी कायम गर्दछन् । भारतमा मनमोहन सिंह प्रधानमन्त्री रहँदा देशले आर्थिक समृद्धि हासिल गर्न सकेको थियो । क्यानडामा जस्टिन टुडो र स्टेभेन हारपरले अल्पमतको सरकारको नेतृत्व गर्दै विकास निर्माणको छलाङ मार्न सफल भएका थिए । श्रीलङ्कामा पर्यटन र आधारशिलाको विकासका सन्दर्भमा उल्लेखनीय उपलब्धि हासिल गरे पनि गृहयुद्धको सामना गर्नुपर्‍यो । सन् २००९ मा गृहयुद्ध समाप्त भएपश्चात् शासकहरूप्रतिको व्यापक असन्तुष्टिका कारण राजनीतिक अस्तव्यस्तताबाट देश गुज्रिएको छ ।

**नेपालको अवस्था :**

नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको रुपमा प्रधानमन्त्रीको निर्वाचनको माग भएको छ । लोकतान्त्रिक मुलुकहरूमा इजरायलमा मात्रै केही समय यस्तो व्यवस्था थियो तर तीनवटा निर्वाचनपश्चात् यो प्रावधान अफापसिद्ध भएकाले पुन: संसद्मार्फत नै प्रधानमन्त्री निर्वाचित गर्ने प्रणालीमा फर्कियो । नेपालमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरी संसद्बाटै कार्यकारी प्रमुखको निर्वाचन हुन्छ । राजनीतिक अस्थिरता व्याप्त छ । ३५ वर्षको अवधिमा ३० वटा प्रधानमन्त्री बनेका छन् । २०६२-०६३ को सफल आन्दोलनपश्चात् नेपाली जनताले आर्थिक समृद्धिको अपेक्षा गरेका थिए, नेपालको राजनीतिले देशलाई गति दिन सकेन । आन्दोलनको वातावरण सिर्जना गर्ने काम हुँदै गयो । नेपाली नागरिक र सरकार एवं राजनीतिक दलका नेताहरुका बीच विश्वासको संकट अवस्था देखियो । लोकतन्त्रको प्रभावकारितामा ठूलो ह्रास आयो ।

*(साभार: न्यूज अफ नेपाल)*




# विदेशी खेलाडी लयमा देखिँदा काठमान्डु प्लेअफरु नजिक

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग एनपीएल क्रिकेटको पहिलो संस्करणमा नेट रनरेटका कारण प्लेअफ पुग्नबाट वञ्चित भएको काठमान्डु गोर्खाज दोस्रो संस्करणमा भने नेटरनरेट पनि बलियो बनाएर प्लेअफको नजिक पुगेको छ ।

गत संस्करण नेट रनरेटमा पछाडि परेकाले यसपटक नेटरनरेटमा भर पर्ने अवस्था सिर्जना हुनै नदिने किसिमले काठमान्डु गोर्खाजले नेटरनरेटमा पनि ध्यान पुऱ्याउनुका साथै पर्याप्त जितकै साथमा प्लेअफमा पुग्ने सम्भावना बलियो देखिएको हो ।

विशेषगरी विदेशी खेलाडी लयमा देखिँदा काठमान्डु गोर्खाजले चौथो जित हासिल गरेर यस संस्करणको प्लेअफमा स्थान बनाउने लगभग निश्चित देखिएको हो । आइतबार भएको खेलमा कर्णाली याक्सलाई ५ विकेटले पराजित गर्दै काठमान्डु गोर्खाजले लगातार तेस्रो अनि समग्रमा चौथो जित हासिल गरेको हो ।

पहिलो खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई हराएर विजयी सुरुवात गरेको काठमान्डु त्यसपछिका दुई खेलमा पराजित भयो । तर त्यसयता भने लगातार तेस्रो जित निकालेर प्लेअफ खेल्ने संकेत दिएको हो ।

आइतबारको जितपछि काठमान्डुको ६ खेलमा ८ अंक भएको छ र दोस्रो स्थानमा उक्लिएको छ । ५ खेलमा १ खेल मात्र जितेको कर्णालीको भने आजको हारपछि प्लेअफ सम्भावना थप कमजोर बनेको छ र अब आफूले बाँकी खेल जितेर अन्य नतिजामा पनि भर पर्नु पर्ने हुन्छ ।



**विदेशी खेलाडीको लय**

काठमान्डु गोर्खाजको जितमा विदेशी खेलाडीको प्रदर्शन महत्वपूर्ण हुने गरेको छ । उनीहरू पनि लयमा देखिँदा काठमान्डु गोर्खाजले लगातार तेस्रो खेल जित्दै प्लेअफको नजिक पुगेको हो ।

आइतबार काठमान्डुको जितमा चारजना विदेशी खेलाडीको प्रदर्शन राम्रो रह्रुयो । टस हारेर पहिले बलिङ गरेको काठमान्डुले कर्णालीलाई १४९ रनको योगफलमा रोकेको थियो ।

१५० रनको लक्ष्य पछ्याउन जवाफी ब्याटिङमा उत्रिएको काठमान्डुका लागि विदेशी खेलाडीले नै रन बनाए । आजको रन चेजमा विदेशी खेलाडीले नै शीर्ष भूमिका खेले भन्दा फरक पर्दैन । यसअघि पनि काठमान्डुका लागि विदेशी खेलाडीहरूको लय राम्रो देखिएको छ । जोन सिम्पसनले अघिल्लो खेलमा पनि अर्धशतकसहित ६० रन बनाएका थिए । आज पनि उनको ब्याट चल्यो ।

ओपनर बेन चार्ल्सवर्थले २१ बलमा २ चौका र ३ छक्कासहित ३४ रन बनाएर राम्रो सुरुवात दिलाए । त्यसपछि जेरार्ड एरासमसले ३३ बलमा २ चौका र २ छक्कासहित अविजित ४३ रनको पारी खेले ।

एरासमससँगै जोन सिम्पसनले २१ बलमा ४ चौका र २ छक्कासहित ४१ रन बनाएर साथ दिए । यी दुई मिलेर चौथो विकेटका लागि ८६ रनको साझेदारी बनाएका थिए । त्यसअघि मिलिन्द कुमारले १५ रन बनाए । उनी आउट हुँदा काठमान्डु ६३-३ को अवस्थामा थियो । त्यहाँबाट ८६ रनको साझेदारी बनेपछि जितका लागि १ रन आवश्यक हुँदा सिम्पसन आउट भएका थिए ।

काठमान्डुका लागि जारी प्रतियोगितामा सर्वाधिक रन बनाउने शीर्ष ५ खेलाडीमध्ये ४ खेलाडी विदेशी नै छन् । जोन सिम्पसन, बेन चार्ल्सवर्थ र मिलिन्द कुमार सबैभन्दा धेरै रन बनाउने खेलाडी हुन् । आइतबारको खेलपछि कुरा गर्दै जोन सिम्पसनले आजको जित टिमले डिजर्भ गर्ने बताए । 'आजको जितले धेरै उत्साहित भएका छौं, १५० रन चुनौतीपूर्ण नै हुन सक्थ्यो तर एरासमसको साथले हामीले साझेदारी बनाउन सक्यौं र जित हासिल गऱ्यौं' उनले भने ।

जेरार्ड एरासमसले आज काठमान्डुका लागि सिजनको अन्तिम खेल खेलेका थिए । उनी अब यूएईमा आईएल टी-२० खेल्न जानेछन् । उनले जाँदाजाँदै टोलीलाई खेल जिताएर गएका छन् । उनी 'प्लेयर अफ द म्याच' समेत घोषित भए ।

एरासमसले खेलपछि कुरा गर्दै टोलीलाई जित दिलाउन पाएकामा खुसी व्यक्त गरे । 'समर्थक र टिमका लागि खेल जिताउन पाउँदा धेरै खुसी लागेको छ, भाग्यशाली ठानेको छु जाँदाजाँदै राम्रो प्रदर्शन गरेर योगदान दिन पाएकोमा' एरासमसले भने । उनले प्रतियोगिता छाडेर जाने मन नहुँदा नहुँदै पनि जानुपर्ने बाध्यता भएको र प्रतियोगिता आफूले मिस गर्ने बताए ।

काठमान्डुले विदेशी पेस बलरलाई भने अनुबन्ध गरेको छैन । काठमान्डुका ६ जना विदेशी खेलाडीमध्ये ३ जना ब्याटर हुन् भने ३ जना ब्याटिङसँगै पार्ट टाइम स्पीन गर्ने खेलाडी हुन् । लयमा देखिएका एरासमस टिममा नहुँदा केही चुनौती भने अब काठमान्डुलाई थपिने छ । उनको स्थानमा काठमान्डुले अर्को कोही ल्याउँछ वा भएकै खेलाडीलाई प्रयोग गर्छ त्यो भने हेर्न बाँकी छ ।

**कर्णालीलाई कठिन**

काठमान्डु गोर्खाजसँग आइतबार पराजित भएपछि कर्णाली याक्सको भने प्लेअफ सम्भावना कमजोर बन्दै गएको छ । आइतबार को खेलमा पनि ब्याटिङमा ठीकठाक प्रदर्शनका बाबजुद बलिङ र फिल्डिङमा फितलो प्रदर्शन हुँदा कर्णालीले खेल जित्न सकेन ।

कर्णालीका कप्तान सोमपालले ३ ओभरमा ३५ रन खर्चिए भने अर्का पेस बलर नन्दन यादवले ३ विकेट लिएपनि ४ ओभरमा ३५ रन खर्चे । पार्ट टाइम स्पीनर विलियम बोसिस्टोले ३ ओभरमा २८ रन खर्चिए ।

पेस बलर र पार्ट टाइम स्पीनरले नै अधिकांश रन खर्चिएपछि अन्य बलरहरू बढी दबाबमा परेका थिए । कर्णाली त्यसपछि खेलमा फर्कन सकेन ।

खेलपछि कुरा गर्दै कर्णालीका अलराउन्डर गुल्शन झाले राम्रो क्रिकेट खेल्दाखेल्दै पनि नतिजा टिमको पक्षमा नआएको बताए । 'हामी राम्रो क्रिकेट खेलिरहेका छौं, तर हरेक ओभरमा सानो सानो मोमेन्टहरू लूज गरेका छौं त्यसकारण रिजल्ट हाम्रो फेभरमा आएको छैन' उनले भने । गुल्शनले प्लेअफ छनोटबारे केही नसोचेको र म्याच बाइ म्याच सोचिरहेको बताए । 'हामीले धेरै अगाडिको बारेमा त्यस्तो धेरै सोचेका छैनौं, अझै पनि २ खेल बाँकी छ हामी दुवै खेल जित्ने छौं' गुल्शनले थपे ।

कर्णालीले यसअघि विराटनगर किङ्ससँग अन्तिम ओभरमा पुगेर हार बेहोरेको थियो । त्यसबेला पनि बलिङ र फिल्डिङ फितलो देखिएको थियो । गुल्शनले उक्त खेल हार्यौं भनेर अझै विश्वास नलागेको बताए ।

'त्यो त हार्ने म्याच नै थिएन, टी-२० क्रिकेटमा जस्तो नतिजा पनि हुनसक्छ । त्यो खेल हार्न नहुने खेल थियो, तर सबै खेल महत्वपूर्ण नै हुन्छ । हामीले थोरै थोरै मोमेन्टहरूमा मिसआउट गरिरहेका छौं' गुल्शनले उक्त खेल सम्झँदै भने ।

*(स्रोत: अनलाइनखबर)*

# नेतृत्वविहीन पर्यटन मन्त्रालयको कमजोर प्रगति विवरण

काठमाडौं/संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नयाँ सरकार गठनपछि नेतृत्वविहीन छ । जसको प्रत्यक्ष असर मन्त्रालयको कार्यप्रगतिमा झल्किन्छ । सार्वजनिक चालु आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिक (साउन-असोज) विवरण अनुसार यसबीचमा मन्त्रालयले कुनै पनि नीतिगत ठूला निर्णय गर्न सकेको छैन । साथै, बजेट खर्च समेत लक्ष्यको साढे ५ प्रतिशत मात्र गर्न सकेको देखिन्छ ।

यस वर्ष सरकारले पर्यटन मन्त्रालयका लागि ७ अर्ब ६५ करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । मन्त्रालयले असोज मसान्तसम्म मात्र ४२ करोड खर्च गर्न सकेको छ । यसमध्ये पूँजीगत बजेट मात्र ११ करोड खर्च भएको देखिन्छ । २३ र २४ भदौको जेनजी आन्दोलनपछि सबैभन्दा बढी प्रभावित पर्यटन क्षेत्र थियो । निजी क्षेत्र आफै उठेर गरेको प्रयासबाहेक सरकारी तवरबाट पर्यटनमा उत्साह जगाउने कुनै पनि निर्णय वर्तमान सरकारले गरेको छैन ।

मन्त्रालयका अधिकारीहरू नेतृत्व नहुँदाको असर परेको स्वीकार गर्छन् । मन्त्रालयका प्रवक्ता तथा सहसचिव जयनारायण आचार्य नेतृत्व नहुँदा आयोजनाहरूको नियमित कामबाहेक अन्य काममा प्रत्यक्ष असर देखिने बताउँछन् । उनी भन्छन्, 'बजेट खर्च कम हुनु वा कार्यक्रमको कार्यान्वयन रोकिनु सरकारको बजेट रोक्काले हो, तर ठूला र नीतिगत निर्णयमा नेतृत्व नहुँदा असर देखिनु स्वभाविक हो ।' यो मन्त्रालय अहिले प्रधानमन्त्री सुशीला कार्कीकै जिम्मामा छ । तर, उनको 'वर्कलोड' अधिक छ । सोहीकारण मन्त्रालयका दैनिक ठोक्किनुपर्ने काममा उनले समय दिन सकेकी छैनन् । 'राजनीतिक स्तरबाट आउने निर्णयलाई कर्मचारीतन्त्रले कार्यान्वयन गर्ने हो,' आचार्य भन्छन्, 'नेतृत्व नहुँदा दैनिक कार्य सञ्चालनमै केन्द्रित हुनु परेको हो ।'

सरकारले गत असोज पहिलो साता खर्च कटौती सम्बन्धी विभिन्न निर्णय गरेको थियो । जसमा खुद्रे आयोजनाहरूको बजेट रोक्का राख्ने निर्णय भएको छ । यसले पूर्वाधार निर्माणका धेरै आयोजनाको काम रोकिएको छ । जसको असर पर्यटन मन्त्रालयमा समेत देखिएको छ । यसबाहेक ठेक्कापट्टाको प्रक्रिया सुरु हुने समयमै भएको आन्दोलन र सिंहदरबारको आक्रमणले समेत मन्त्रालयको काममा असर गरेको सहसचिव आचार्य बताउँछन् ।

मन्त्रालयले सार्वजनिक गरेको त्रैमासिक प्रगति विवरणमा पर्यटनमा दीर्घकालीन प्रभाव पर्ने कुनै निर्णय देखिँदैन । साथै चालु आर्थिक वर्ष २०८२/८३ को बजेटले घोषणा गरेका रणनीतिक महत्त्वका काममा समेत प्रगति देखिँदैन ।

यसबीचमा नेपाल एयर लाइन्सको महाप्रबन्धक पदपूर्ति गर्न समिति गठन गरेको विषयलाई मन्त्रालयले प्रगति मानेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य निकायबाट माग भएका विवरण तयार गरी पठाएको विषय समेत मन्त्रालयले आफ्नो कार्यप्रगति मानेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल वायुसेवा निगम सम्बन्धी प्राप्त गुनासो सम्बोधन गर्न सम्बन्धित निकायमा पत्राचार गरिएको विषय मन्त्रालयको कार्यप्रगतिमा उल्लेख छ । प्रगति विवरणमा भनिएको छ, 'नियमित रुपमा हुने नीति, कार्यक्रम तथा बजेट सम्बन्धी कार्य ।'

यसबीचमा ४६ औं पर्यटन दिवस मनाइएको, आरोग्य पर्यटन प्रबर्द्धन सम्बन्धी परामर्श गोष्ठीलाई समेत मन्त्रालयले आफ्नो काममा समेटेको छ । कानुन निर्माणतर्फ पदमार्ग मापदण्ड सम्बन्धी दिग्दर्शन २०८२ स्वीकृत, सफा हिमाल अभियान कार्यायोजनाको मस्यौदा तयार र पर्यटन सेवा केन्द्र अध्ययन समिति गठनलाई मन्त्रालयले आफ्नो कार्यप्रगति भनेको छ ।

वायुसेवा कम्पनीलाई कार्यसहमति, श्रम इजाजत र गैर पर्यटक भिसा दिने काम तथा ड्रोन उडान सहमति दिएको विषय समेत मन्त्रालयको कार्यप्रगतिमा राखिएको छ । संसदबाट माग भएका विषयको जवाफ दिएको सन्दर्भलाई समेत यस पटक मन्त्रालयले कार्यप्रगति मान्नु परेको छ । हवाई नीतिको प्रारम्भिक मस्यौदा सार्वजनिक गरिएको छ । यसबाहेक वायुसेवा कम्पनीहरूको इजाजतपत्र नवीकरणलाई मन्त्रालयले त्रैमासिक प्रगति भनेको छ ।

संस्कृतितर्फ विभिन्न पुरस्कार वितरण गरिएको छ । वार्षिक कार्ययोजना तयार पार्ने र कार्यान्वयन जिम्मेवार अधिकृत तोक्ने कामलाई समेत मन्त्रालयले आफ्नो कार्यप्रगतिमा राखेको छ । यसबीचमा राष्ट्रिय नाचघर विधेयक मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति दिने प्रयोजनका लागि प्रक्रिया अगाडि बढाएको बताइएको छ । पर्यटन मन्त्रालयले पहिलो त्रैमासिकसम्म कुनै पनि प्रकारको बेरुजु फर्स्यौट गरेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# चुनावमा कसरी परिचालित हुँदैछ नेपाली सेना ?

काठमाडौं/आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली सेना परिचालनका लागि राष्ट्रपति कार्यालयबाट स्वीकृत भयो । मन्त्रिपरिषद्ले गरेको सिफारिस राष्ट्रपति रामचन्द्र पौडेलले ११ मंसिरमा स्वीकृत गरेसँगै सेना परिचालनको बाटो खुलेको छ । निर्वाचनका लागि सेना परिचालन गर्न यसअघि चरणबद्ध कामहरू भएका थिए ।

९ असोजको केन्द्रीय सुरक्षा समिति बैठकले गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेको संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ तर्जुमा गर्नका लागि कार्यदल गठन गरेको थियो । यो कार्यदलमा सुरक्षा निकायका प्रतिनिधिहरू समेत थिए । कार्यदलले पेश गरेको 'एकीकृत निर्वाचन सुरक्षा योजना २०८२' गृहमन्त्री ओमप्रकाश अर्याल संयोजक रहेको केन्द्रीय सुरक्षा समितिले ३० कात्तिकमा पास गऱ्यो ।

यो सुरक्षा योजनामा निर्वाचनको अवधिमा सुरक्षा निकायहरू कसरी परिचालन हुने भन्नेबारे उल्लेख छ । यसका साथै बैठकले नेपाली सेना परिचालनको प्रस्ताव गर्ने निर्णय समेत गरेको थियो । यो प्रस्ताव राष्ट्रिय सुरक्षा परिषद्मा पुगेको थियो । ४ मंसिरमा सुरक्षा परिषद्को सिंहदरबारस्थित कार्यालयमा बसेको ४१औं बैठकले त्यसलाई पारित गर्दै निर्वाचनमा सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसअनुसार मन्त्रिपरिषद्ले सेना परिचालनको निर्णय गरेर स्वीकृतीका लागि राष्ट्रपति कार्यालयसमक्ष पेश गरेको थियो । राष्ट्रपति कार्यालयबाट समेत यो प्रस्ताव स्वीकृत भएपछि अब सेना परिचालनका लागि बाटो खुलेको छ । योसँगै अब नेपाली सेना कसरी कहिलेबाट परिचालन हुने भन्ने जिज्ञासा उत्पन्न भएको छ । यसबारे हामीले नेपाली सेनासँग समेत सोधखोज गरेर यो रिपोर्ट तयार पारेका छौं ।

**कहिलेबाट हुन्छ सेना परिचालन ?**

अघिल्ला चुनावहरू भन्दा यो पटक सुरक्षा चुनौती बढेको निष्कर्ष निकालेर चुनावको करिब तीन महिना अघि नै सेना परिचालन गर्न राष्ट्रपति कार्यालयबाट स्वीकृत भएको छ । जेनजी आन्दोलनपछि उत्पन्न परिस्थिति, सुरक्षा निकायका हतियार र गोलीगट्ठाहरू ठूलो मात्रामा हराउनु, कारागारमा रहेका कैदीबन्दीहरू ठूलो संख्यामा अझै फरार हुनु, हिरासतका थुनुवा समेत फरार हुनु जस्ता घटनाले सुरक्षा चुनौती थपिएको निष्कर्ष निकालिएको छ । यीनै कुराहरूलाई मध्यनजर गर्दै अघिल्लो चुनावहरू भन्दा यसपटक निकै अगावै सेना परिचालनका लागि राष्ट्रपति कार्यालयले स्वीकृति समेत दिएको छ ।

निर्णयबाट प्रष्ट हुन्छ कि चुनाव भन्दा निकै अगावै सेना परिचालन हुनेछ । तर यसको मिति भने अहिलेसम्म यकिन नभएको नेपाली सेनाले बताएको छ । नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेत भन्छन्, 'कहिलेबाट सेना परिचालन हुने भन्ने यकिन भएको छैन । यसबारे हामी परामर्शमै छौं ।' बस्नेतले सेना परिचालनका मिति तय नभएको बताए पनि सेनाको आन्तरिक गृहकार्य अनुसार पुसको पहिलो हप्ता सेना सडक गस्तीमा निस्कन लागेको बुझिन्छ । अहिले त्यसै अनुसार सेनाले तयारी गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'अभिमन्यु'मा किन लिइयो 'दोस्रो रोजाइ'का कलाकार ?



काठमाडौं/फिल्मको सफलता वा असफलता यसको कथा र कलाकारले दिने न्यायसंगत अभिनयमा निर्भर रहन्छ । यी दुई पक्षसँगै फिल्मको अन्तिम मूल्यांकन गर्ने दर्शक प्रमुख निर्णायक हुन् । तर, पछिल्लो समय नेपाली निर्माताहरूले आफ्नो फिल्म चल्ने आधार प्रस्तुत गर्दै सफलताको ठोकुवा गर्न थालेका छन् ।

नेपाली फिल्ममा 'अकल्पनिय' ग्रस कलेक्सन गरेर सर्वकालिन ब्लकबस्टर बनेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माण समूह यही मंसिर १८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'अभिमन्यु' लिएर दर्शकमाझ आउँदैछ । अघिल्लो फिल्ममा व्यापार 'के', 'कस्तो' हुने अन्योल उनीहरूमा भए पनि अहिले भने 'अभिमन्यु'लाई लिएर ढुक्क देखिन्छन् ।

निर्माता विनोद पौडेलले 'दोस्रो रोजाइ'का कलाकारलाई लिएर फिल्म बनाएकाले यसको सफलता निश्चित रहेको दाबी गरेका छन् । 'दोस्रो रोजाइमा रहेका कलाकारलाई लिएर बनाएको 'पूर्ण बहादुरको सारङ्गी'ले इतिहास रच्यो । 'अभिमन्यु'मा कसैले पनि मुख्य भूमिकामा नलिएका कलाकारहरूलाई खेलाएका छौं । केही सबल पक्ष नभइ हामीले उहाँहरूलाई लिएका होइनौं,' उनी भन्छन् ।

यस फिल्ममा कामेश्वर चौरसिया मुख्य भूमिकामा छन् । करिब दुई दशक फिल्ममा काम गरेपछि उनले पहिलो पटक 'सोलो लिड'को अवसर पाएका हुन् । अभिनेत्री लक्ष्मी बर्देवाले पनि पहिलो पटक मुख्य भूमिकामा आफूलाई प्रस्तुत गरेकी छन् । उनले यसअघि चारवटा फिल्ममा मुख्य भूमिकामा अभिनय गरेको भए पनि ती कुनै रिलिज हुन सकेका छैनन् ।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको फिल्ममा यस कामेश्वर र लक्ष्मीसहित सरिता गिरी, किरण श्रेष्ठ, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । सुशान्त गौतम निर्देशक रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्मातामा छन् भने रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता हुन् ।

# 'झरी पछिको इन्द्रेणी'को पोस्टर: एकै ठाउँमा पुरानोदेखि नयाँ पुस्ता

काठमाडौं/अभिनेता गणेश उप्रेतीको कमब्याक र हास्य कलाकार अर्जुन घिमिरे (पाँडे)को डेब्यु निर्देशन रहेको फिल्म 'झरी पछिको इन्द्रेणी'को पोस्टर सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक पोस्टरमा कलाकारको हुल देख्न सकिन्छ । पुरानो पुस्ताका गणेशदेखि नयाँ पुस्ताकी प्रियना आचार्य (मुन्नी) सम्मलाई पोस्टरमा समेटिएको छ ।



नागराज इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यस फिल्ममा गणेश र प्रियनासहित रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अर्जुन घिमिरे (पाँडे), अंशु महर्जन, राजेन्द्र नेपाली, लक्षणा राई लगायतको अभिनय रहेको छ ।

यही फिल्मबाट कलाकार विमोचन दवाडी र जेसिका पोखरेलले डेब्यू गरेका छन् । बाल कलाकारमा दिप्सन चिलवाल छन् । फिल्मको शीर्ष गीतमा मोडल अञ्जली अधिकारी र कोरियोग्राफर प्रदीप लामाले नृत्य गरेका छन् ।

फिल्ममा निर्देशक घिमिरे स्वयंको कथा, गणेश कार्की र विशाल घिमिरेको पटकथा तथा संवाद र बुद्ध थापाको छायांकन छ । अनिशा सेन्दाङ लिम्बू निर्माता रहेको फिल्ममा अनु थापा, पंकज खड्का, सिर्जना खड्का, सुवास शर्मा र राम कार्की सह-निर्मातामा छन् । यो फिल्म पौष ४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# आना अभिनीत 'रमिताको पिरती'को टिजर सार्वजनिक

काठमाडौं/फिल्ममा कम अभिनय गर्ने अभिनेत्रीमा पर्छिन्, आना शर्मा । फिल्म 'जेरी'बाट अभिनय करिअर सुरु गरेकी उनले त्यसपछि 'ग्याङस्टार ब्लुज', 'द म्यान फ्रम काठमाडौं' र पछिल्लो रिलिज फिल्म 'एक्टर'मा काम गरिन् । कहिलेकाहीँ म्यूजिक भिडियोमा समेत देखिने उनी अब नयाँ फिल्म 'रमिताको पिरती'मा शीर्ष भूमिकामा देखिँदैछिन् ।

आगामी माघ २३ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्मको शनिबार युट्युबमार्फत टिजर सार्वजनिक गरिएको छ । आनालाई केन्द्रमा राखिएको टिजरमा उनलाई प्रेम, रोमान्स, खुशी, दु:खदेखि फदयवेदनासम्मका विभिन्न भावनात्मक अवस्थाहरूमा देखाइएको छ । टिजर हेर्दा फिल्मले एक यूवतीको मनोविज्ञानलाई बोकेको अनुमान लगाउन सकिन्छ ।

टिजरमा आनासहित धिरज मगर, समीर श्रेष्ठ र विनय श्रेष्ठलाई पनि समेटिएको छ । समीरले यही फिल्मबाट अभिनय यात्रा सुरु गर्न लागेका हुन् । गायकको रूपमा परिचित उनका 'हेर न', 'थाम हात', 'तिमीले' जस्ता गीत युवापुस्तामाझ निकै चर्चित छन् ।



सेरो फिल्मस्को प्रस्तुतिमा निर्माण भएको यस फिल्ममा सुदिप्ताको लेखन र निर्देशन रहेको छ । फिल्मका निर्माता सागर लम्साल हुन् । सुशान्त केसी, समीर श्रेष्ठ, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको संगीत रहेको फिल्ममा शिशिर विशांखेको छायांकन तथा सुनिल विशांखेको सम्पादन छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### मौलिक हकको आभास हुने गरी सडक विस्तार गर्न जेनजी युवाको माग

# ११ राजनीतिक दलद्वारा संयुक्त दवाबमूलक ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ संविधानप्रदत्त मौलिकहकको आभास हुने गरी सडक विस्तार गर्न जेनजी युवाले माग गरेको छ ।

आइतबार प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ध्यानाकर्षण गराउँदै जेनजी युवाले सडक विस्तारको प्रक्रिया अघि बढाउने क्रममा प्रभावित नागरिकको हकअधिकारीलाई विचार पुऱ्याएर सडक विस्तार गर्न माग गरेको हो । सम्पूर्ण प्रक्रियामा पारदर्शिता, निष्पक्षता र तथ्यपरकता कायम रहनुपर्ने उनीहरुको माग छ । नागरिकको सम्पत्ति खोसेर सडक विस्तार गर्नुभन्दा, नागरिकलाई न्यायसंगत व्यवहार, सम्मान र जानकारी प्राप्त गर्ने हक सुनिश्चित गर्नु राज्यको दायित्व रहेको उनीहरुको धारणा रहेको छ । जेनजी मकवानपुरका संयोजक सुविन खत्री नेतृत्वमा गएको टोलीले प्रजिअको ध्यानाकर्षण गराएको हो ।



सडक विस्तार प्रभावित सम्पत्ति तथा भूमिको मूल्यांकन यथार्थ र न्यूनतम मापदण्डभन्दा माथि राख्न, मुआब्जा वितरण प्रक्रियामा कसले कति पाए, नपाएका भए किन नपाए भन्ने यथार्थ तथ्य राख्न, मुआब्जा वितरणको सम्पूर्ण विवरण लाभग्राहीको नाम, क्षेत्रफल, प्राप्त रकम सार्वजनिक सूचनाको रुपमा उपलब्ध गराउन, आफ्नो सम्पत्ति सडक विस्तारमा परेका तर, अहिलेसम्म मुवाब्जा नपाएका सम्पूर्ण नागरिकलाई सहज फारम भर्ने प्रक्रिया र गुनासो दर्ता प्रणाली उपलब्ध गराउन, भविष्यमा सम्पत्ति अधिग्रहण हुँदा प्रभावित नागरिकसँग पूर्वसम्झौता र लिखित सहमति अनिवार्य गर्न माग गरिएको छ ।

**११ राजनीतिक दलद्वारा संयुक्त दवाबमूलक ध्यानाकर्षण**

त्यसैगरी यथाशीघ्र सडक विस्तार गर्न माग गर्दै ११ राजनीतिक दलले पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरको ध्यानाकर्षण गराएको छ ।

आइतबार प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई विभिन्न सामाजिक, आर्थिक, राजनीतिक तथा जनजीविका सम्बन्धी विषय उठाउँदै राजनीतिक दलहरुले २५-२५ गज सडक विस्तार कार्य यथाशीघ्र कार्यान्वयन गर्न ध्यानाकर्षण गराएको हो । सडक सीमाभित्र पर्ने घरजग्गाको वास्तविक पीडितलाई मुआब्जाको व्यवस्था गर्न माग गरिएको छ । जिल्लाभित्र रहेका अन्य शाखासडक र त्यस क्षेत्रमा पर्ने पुल मार्गको कार्य यथाशीघ्र पूरा गर्न र डिपिआर गर्ने उद्देश्यका साथ निर्धारण गरिएका सडक खण्डको कालोपत्रे कार्य यथाशीघ्र सुरुगर्न पनि माग गरिएको छ ।

विगतमा जस्तै यो पहल सूचना र घोषणामा मात्र सीमित नहोस् भन्ने अपेक्षा राख्दै उनीहरुले तत्काल सडक विस्तार अभियानलाई परिणाममुखी बनाइदिन प्रशासनसँग माग गरेका छन् । ध्यानाकर्षण पत्रमा सडकसीमाभित्र पर्ने संरचना र जग्गाको वास्तविक पीडितलाई उचित क्षतिपूर्ति (मुआब्जा) उपलब्ध गराउनुपर्ने, जिल्लाभित्रका सार्वजनिक जमिनको सीमांकन गरी संरक्षण गर्नुपर्ने, अवैध उत्खनन नियन्त्रण गर्नुपर्ने, वास्तविक सुकुम्बासीको पहिचान गरी व्यवस्थापन गर्नुपर्ने लगायत मुद्दा उठाइएका छन् ।

त्यसैगरी, मापदण्डविपरीत भइरहेको गिट्टी-बालुवा उत्खनन रोक्न, लागूऔषधको ओसारपसार तथा बिक्री वितरणमा कडाइ गर्न, जिल्लाभित्रका अन्य शाखासडक तथा पुलमार्गका कार्य छरितो रुपमा सम्पन्न गर्न तथा निर्धारण गरिएका सडक खण्डको डिपिआरसहित कालोपत्रे कार्य तत्काल सुरु गर्नुपर्ने मागपत्र समावेश छन् । आइतबार नै राजनीतिक दलले सडक डिभिजन कार्यालय र हेटौंडा उपमहानगर पालिकाको पनि ध्यानाकर्षण गराएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) मकवानपुर (सेक्रेटरी पेमा सी), क्रान्तिकारी कम्युनिस्ट पार्टी मकवानपुर (सेक्रेटरी सद्दाम हुसेन), नेपाली कांग्रेस मकवानपुर (प्रतिनिधि प्रेम तितुङ), नेकपा क्रान्तिकारी केन्द्र मकवानपुर (संयोजक विक्रम मगर), नेकपा माले मकवानपुर (सहसचिव हरिकृष्ण अधिकारी), नेपाल कम्युनिस्ट पार्टी मकवानपुर (अध्यक्ष/संयोजक माननाथ तिमिल्सिना), उज्यालो नेपाल पार्टी मकवानपुर (प्रतिनिधि विकास वाइबा), श्रम संस्कृति मकवानपुर (इन्चार्ज/अध्यक्ष सुन्दरकुमार बज्यु), जनता समाजवादी पार्टी (जसपा) मकवानपुर (अध्यक्ष उत्तम गोम्जार), राष्ट्रिय जनमोर्चा मकवानपुर (संयोजक ओबिन्द्रबहादुर लुईटेल), जनता समाजवादी पार्टी मकवानपुर (अध्यक्ष दीपक सिंन्तान) को संयुक्त टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो ।

# मकवानपुर एमालेका १७ प्रतिनिधि छानिए, चुनावबाट नयाँ अनुहार



साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ नेकपा एमालेको ११ औं महाधिवेशनका लागि मकवानपुरबाट १७ जना प्रतिनिधि छनोट भएका छन् ।

जिल्लाको क्षेत्र नम्बर २ बाट ८ जना सर्वसम्मत भए भने १ नम्बर क्षेत्रबाट प्रतिनिधि टुंग्याउन निर्वाचन भएको थियो । क्षेत्र नम्बर २ बाट खुलातर्फ हिदम लामा, बिदुर हुमागाई, एकालाल श्रेष्ठ र बलराम बल सर्वसम्मत भएका छन् । महिलातर्फ भगवती पुडासैनी, सुमित्रा काफ्ले र गीता प्रजा तथा युवातर्फ रोहण लामा सर्वसम्मत भएका थिए । यसैगरी, मंसिर १३ गते भएको १ नम्बर क्षेत्रको निर्वाचनबाट खुलामा ४ जना, महिलामा ३ जना, युवामा १ र दलितमा १ जना गरी ९ जना प्रतिनिधिको टुंगो लागेको हो ।

निर्वाचित भएकामध्ये अधिकांश नयाँ अनुहारका छन् । निर्वाचनमा यसअघि प्रतिनिधि भइसकेका पुराना नेतादेखि पार्टी जिल्ला अध्यक्षसमेत चुनावी मैदानमा थिए । निर्वाचनबाट खुलातर्फ नवीन सिग्देल, सुनिल मोक्तान, फुर्वा दोर्जे लामा र अणराज जर्गामगर विजयी भए । उनीहरुले क्रमश: ७७६, ६८८, ५८० र ४२० मत ल्याएका थिए । महिलातर्फ आरती पाठक (९७६), सीता विष्ट बानियाँ (८०४) र विनाकुमारी थिङ (५९१), युवातर्फ बोलबहादुर कार्की (४६०) र दलित क्लष्टरबाट देवकृष्ण विकल (४९)ले जित निकालेका छन् ।

चुनावी मैदानमा पूर्वराष्ट्रियसभा सदस्यसमेत रहेका रामचन्द्र राई, पार्टी जिल्ला अध्यक्ष श्रीधर पोखेललगायत नेता पराजित भएका छन् । ७ महिनाअघि सवारी दुर्घटनामा परेका पोखेल पार्टीको नियमित काममा सक्रिय छैनन् । उनी हाल उपचारकै क्रममा काठमाडौंमा छन् । पार्टी जिल्लाको पूर्वसचिवसमेत रहेका सिग्देलका अनुसार निर्वाचित ९ जनामा मगर बाहेक सबै अनुहार पहिलोपटक महाधिवेशनमा सहभागी हुँदैछन् । २ नम्बर क्षेत्रबाट सर्वसम्मत भएका ८ जनामध्ये लामा, हुमागाईं, श्रेष्ठ र काफ्ले बाहेकका अनुहार नयाँ हो ।

# बागमतीमा उद्योगको क्षमता ३८ प्रतिशत मात्र उपयोग




साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ बागमती प्रदेशका उद्योगको औषत क्षमता उपयोग ३८.७ प्रतिशत मात्र रहेको देखिएको छ । नेपाल राष्ट्र बैंकले गरेको अध्ययनमा आर्थिक वर्ष २०८०/८१ मा भन्दा आर्थिक वर्ष २०८१/८२ मा उद्योग क्षमता ५.६ प्रतिशतले घटेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा उद्योग क्षमता उपयोग ४४.३ प्रतिशत थियो । आर्थिक गतिविधि अपेक्षाकृतरुपमा वृद्धि हुननसक्नु, दक्ष जनशक्तिको अभाव हुनु, कच्चापदार्थ तथा बजार अभावका कारण उद्योग पूर्णक्षमता सञ्चालन हुन सकेका छैनन् । उद्योगमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने लत्ताकपडा मध्येको गार्मेन्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको छ । उद्योगका उत्पादनमध्ये बियर, चुरोट, टान्सफर्मर तथा औषधिमध्येको ट्याब्लेट, क्याप्सुल, ओइन्टमेन्ट, ड्राइसिरप र लिक्विडको उत्पादन बढेको छ । प्रशोधित दूध, पशुदाना, चाउचाउ, हल्का पेयपदार्थ, पश्मिना, गार्मेन्ट, रङ, ईंटा, बिजुलीको उत्पादन घटेको छ ।

बागमती प्रदेशमा सञ्चालित अधिकांश उद्योग काठमाडौं उपत्यका, चितवन र मकवानपुरमा छन् । बागमती प्रदेशमा रहेका प्रमुख उद्योगमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोसाक, सुतीको तयारी पोसाक, सजावटका सामान, चाउचाउ, बिस्कुट, पेयपदार्थ, ईंटा, औषधि र सिमेन्ट उद्योग पर्दछन् । आर्थिक वर्ष २०८१/८२ मा कुल पाँच सय ४३ उद्योग दर्ता भएका थिए । स्थापना गरिएका यस्ता उद्योगको सञ्चालनले बागमती प्रदेशको आर्थिक विकासमा टेवा पुगेको छ ।

२०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस उद्योगमा १२ खर्ब ११ अर्ब पाँच करोड रुपैयाँ कर्जा लगानी गरेको छ । प्रवाह भएको कुलकर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३६.४ प्रतिशत रहेको छ । औद्योगिक कर्जा काठमाडौं जिल्लामा सबैभन्दा बढी ११ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ लगानी रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम १३ करोड रुपैयाँ लगानी भएको छ । कुल औद्योगिक कर्जामा विद्युत्, ग्यास तथा पानी उद्योगको हिस्सा ३६.५ प्रतिशत, गैर खाद्यवस्तु उत्पादनसम्बन्धी उद्योगको हिस्सा ३१.५ प्रतिशत रहेको छ ।

कृषि, वन तथा पेयपदार्थ उत्पादनसम्बन्धी उद्योगको हिस्सा १५.० प्रतिशत, निर्माण उद्योगको हिस्सा १२.८ प्रतिशत, धातुका सामान उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स उद्योगको हिस्सा ३.५ प्रतिशतले र खानी उत्पादनसम्बन्धी उद्योगको हिस्सा ०.७ प्रतिशत रहेको छ । अधिकांश औद्योगिक प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकाले औद्योगिक कर्जाको उच्चहिस्सा काठमाडौंमा देखिएको अनुमान छ । प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त सडक पूर्वाधार समयमै पुनर्निर्माण नहुँदा कच्चापदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न भई उद्योगको सञ्चालन खर्च बढेको छ ।

जग्गाको मूल्यमा भएको अधिक वृद्धि, उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक पूर्वाधारको अभावमा नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ । धितोमा आधारित कर्जा विस्तार पद्दतिले साना तथा मझौला उद्योगका लागि वित्तीय स्रोतको उपलब्धतामा कठिनाइ छ । उद्योगको कच्चापदार्थको लागि आयातमा भरपर्नु परिरहेको अवस्थामा कच्चापदार्थमा परनिर्भरता रहेको छ । घट्दो व्याजदरको अवस्थामा उद्योगीले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गरी औद्योगिक उत्पादन र रोजगारी बढाउन सक्ने अवसर छ ।

भौतिक पूर्वाधार निर्माणको कार्यलाई तीव्ररुपमा अगाडि बढाउन सके निर्माण सामग्री फलाम, सिमेन्ट, इट्टालगायत उत्पादन गर्ने उद्योगको कारोबार बढ्नसक्ने अवस्था रहेको छ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई सीपअनुसारको व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्नुपर्छ । हिमाली भेगको पानी र जडीबुटी प्रशोधन/ब्रान्डिङ गरी बिक्री वितरण गर्ने निर्यात उद्योगको क्षमता विस्तार तथा थप उद्योग स्थापना गरी निर्यात गर्न सकिने प्रचुर सम्भावना रहेको अध्ययनले देखाएको छ ।

कागज, प्लास्टिक, फलाम लगायतका स्क्र्याप संकलन गरी व्यवस्थापन गर्ने तथा त्यस्ता स्क्र्यापलाई कच्चापदार्थ बनाइ उत्पादन गर्ने उद्योगलाई ग्रिन उद्योगको मान्यता दिई स्थापना तथा सञ्चालनमा प्रोत्साहित गर्ने र स्थानीय तहबाट पनि त्यस्ता उद्योगलाई करमार्फत सहुलियत दिन सकिएमा यस्ता उद्योग स्थापना भई सहरी फोहोर व्यवस्थापन सहज हुने अवस्था छ ।

## गुप्तेश्वर महादेव मन्दिरमा आगामी फागुन ३ गतेदेखि शिव महापुराण हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ गुप्तेश्वर महादेव मन्दिर संरक्षण तथा व्यवस्थापन समिति हेटौंडा-१४ मयुरधापले आगामी फागुन ३ गते शिवरात्रीको अवसर पारेर विशेष पूजाआजा, आराधना र शिवमहापुराण कथावाचन औपचारिकरुपमा सुरु हुने घोषणा गरेको छ ।

शनिबार पत्रकार सम्मेलन मार्फत मन्दिरको निर्माण, व्यवस्थापन तथा क्षेत्रको चिरपुरातन जग्गा विवादबारे स्पष्टीकरण सहित महत्वपूर्ण जानकारी र कथावाचन सोही वडामा जन्मिएकी देवी सुमी मानवमाताद्वारा हुने बताइएको छ । कार्यक्रममा अतिथि राजनीतिक दलका नेता रामबहादुर लामाले मन्दिरक्षेत्र सुरुदेखिकै विवादको बारेमा समिक्षा गरे । उनले भने, 'यो मन्दिर सुरुदेखि नै विवादास्पद थियो । २०४४ सालमा भएको कित्ताकाट, २०४६ मा दियाल भाषि उठौती सट्टाभर्ना, त्यसपछिका नामसारी र क्रमागत जग्गा कारोबार नै मन्दिर विवादको जरो हो ।'

गुप्तेश्वर महादेव मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका सचिव कृष्णबहादुर थपलियाले भने, 'हामीले २०८२ असोज २ गते मन्दिर दर्ता प्रक्रिया पूरा गरिसकेका छौं । चारकिल्ला छुट्याएर रहेका साढे ७ कठ्ठा सरकारी जग्गालाई नै आधार मानेर मन्दिर निर्माण अघि बढ्छौं' उनले विगतका विवाद पुन: खोतल्न आवश्यक नरहेको र 'सरकारी स्वामित्वको जग्गा नै स्थायी समाधान हो' भन्दै नयाँ समितिको लक्ष्य स्पष्ट पारे ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय अगुवा, बुद्धिजीवी तथा पत्रकारको उल्लेखनीय उपस्थिति रहेको थियो । मन्दिरको ऐतिहासिक विवाद समाधानतर्फ सकारात्मक बहस सुरु भएको भन्दै सहभागीले समितिलाई पारदर्शिता र सहमतिमार्फत अगाडि बढ्न सुझाव दिएका थिए ।

## चुनावी मैदानमा १२० दल

काठमाडौं/प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १२० दलले दिए निवेदन दिएका छन् । १२० दलभित्र संयुक्त चुनाव चिह्नमा चुनाव लड्ने दलहरू पनि रहेका छन् । निर्वाचन आयोगका सहसचिव एवं कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख यज्ञ प्रसाद भट्टराईका अनुसार प्राप्त निवेदनमाथि आयोगले अध्ययन गरेर निर्णय दिनेछ ।

अध्ययनका क्रममा दलको संख्या सामान्य रुपमा हेरफेर समेत हुन सक्ने उनले बताए । निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार मंसिर १ गतेदेखि मंसिर १० गतेसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय थियो। तर, दलहरू दर्ता प्रक्रियामा रहेको र केही दिन समय थप गर्न आग्रह आएको भनेर आयोगले चार दिन समय थप गरेको थियो ।

थप गरिएको समयभित्र १२० दलले निर्वाचन प्रयोजनका लागि दल दर्ताको निवेदन दिएका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेका र ाजनीतिक दलले आगामी २१ फागुनको चुनावमा भाग लिन पाउनेछन् । गत ४ मंसिर २०७९ सालको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ८४ दलले चुनाव लडेका थिए । यसपटक चुनाव लड्न चाहने दलको संख्या बढेर १२० पुगेको छ ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगको स्वीकृत कार्यतालिका अनुसार निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न र एकल चुनाव चिन्ह प्रयोग गर्नका लागि प्राप्त भएका निवेदनहरू उपर जाँचबुझ गरी योग्यता पुगेका दलहरूलाई यही मंसिर २० गतेसम्ममा आयोगबाट स्वीकृति प्रदान गरिनेछ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार आगामी माघ ६ गते निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ । सोही दिन उम्मेदवारको सूची प्रकाशन हुनेछ । मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गतेलाई तय भएको छ । माघ ८ गते मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय हुनेछ र सोहीदिन उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

# बनेपा-हेटौंडा बस सञ्चालनमा आएपछि आवागमन सहज

साझाकुरा संवाददाता

हेटौंडा, १४ मंसिर/ काभ्रेपलाञ्चोकको मुख्य व्यापारिक नगर बनेपाबाट बागमती प्रदेशको राजधानी हेटौंडासम्म बस सेवा सञ्चालन गरेपछि यात्रुलाई सहज भएको छ ।

बनेपाबाट हेटौंडासम्म जानका लागि विभिन्न मार्ग हुँदै घुमाउँरो सडकबाट जानुपर्ने बाध्यता हटेको छ । जिल्लावासीको मागलाई ध्यानमा राखी काभ्रे-पुन्यवती यातायात प्रालि पनौतीले यही मङ्सिर १ गतेदेखि बस सेवा सञ्चालन गरेको हो । बनेपा-हेटौंडा करिब एक सय १० किलोमिटर लम्बाइको दूरीमा अधिकांश सडक कच्ची छन् ।

यो सेवा प्रभावकारी देखिएपछि बस थप्ने योजना बनाइएको प्रालिले जनाएको छ । स्थानीयवासीको माग र वडा कार्यालयको सिफारिसपछि सञ्चालनमा आएको क्यू बसले बनेपाबाट पनौती हुँदै ढुँखर्क, च्याम्प्राङबैंसी, सुकमफेदी, सिलिङ्गे, हुचिटार, बेतिनी, साइटार, फापरवारी, हात्तीसुँड, छतिउन, फुर्केचौर, चिसापानी हुँदै हेटौंडासम्म नियमित सेवा दिँदै आएको बेथानचोक गाउँपालिका-१ का वडाध्यक्ष मधुसूदन तिमल्सिनाले जानकारी दिए ।

प्रालिलाई पत्र पठाएर बस सञ्चालनका लागि सहयोग गर्न अनुरोध गरेपछि बनेपा-हेटौंडा सेवा सञ्चालनमा ल्याइएको हो । 'प्रालिले सेवाको आवश्यकता र प्रभावकारिता हेर्दै आगामी पुसदेखि बस थप्ने योजना बनाएको छ', उनले भने ।

वडाध्यक्ष तिमल्सिनाका अनुसार बागमती प्रदेशअन्तर्गतको चितवनस्थित नारायणी यातायात सेवाले बनेपा-हेटौंडा खण्डमा थप बस सेवा सञ्चालन गर्न प्रक्रिया थालेको छ । जिल्लाका जनप्रतिनिधिले सम्बन्धित निकायलाई यो खण्डमा अनुमति दिनेलगायत आवश्यक प्रक्रिया पूरा गरिदिन आग्रह गर्दै आएका छन् ।

यसैबीच, बस सेवा सञ्चालन गरेसँगै प्रदेश राजधानीमा कार्यालय, व्यापारिक तथा व्यक्तिगत कामका लागि यात्रा गर्न सहज भएको स्थानीय बताउँछन् । च्याम्प्राङ बैंसीलाई केन्द्र मानेर सञ्चालनमा आएको यो बस सेवाले काभ्रेपलाञ्चोक र हेटौंडाबीचको आवतजावत सहज बनाएको च्याम्प्राङबैंसीका सन्तोष दाहालले बताए । उनले भने, 'यसअघि च्याम्प्राङबैंसीबाट हेटौंडा



जान चार वटासम्म यातायात फेर्नुपर्ने बाध्यता थियो । यसले समय र खर्च पनि बढी लाग्थ्यो । अहिले बससेवा सञ्चालनपछि आवागमन सहज हुनुका साथै समय र खर्चको बचत भएको छ ।'

## शिक्षक आवश्यकता

*प्रकाशित मिति: २०८२/०८/१४*

यस श्री महाकाली आधारभूत विद्यालय भीमफेदी-३ को विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/०१ गते बसेको बैठक निर्णय तथा भीमफेदी गाउँपालिका गाउँकार्यपालिकाको च.नं. ६१५ मिति २०८२/०८/१२ को विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. अंग्रेजी विषय राहत अनुदान कोटाको शिक्षक पदपूर्तिका लागि शिक्षक सेवा आयोग बागमती प्रदेशको करार सूचीमा सूचीकृत भएका वा सूचीकृत नभएका तपसिल बमोजिमको शैक्षिक योग्यता भएका इच्छुक उम्मेदवारहरुले समेत आवश्यक कागजपत्र सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त दिनहुन विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**

विज्ञापन नं. ०१/२०८२/८३
तह/श्रेणी/किसिम : निम्न माध्यमिक, तृत्तीय, राहत अनुदान कोटा
विषय : अंग्रेजी
आवश्यक पद संख्या : १ (एक)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता : मूल विषय अंग्रेजी लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण र शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको
तलव भत्ता तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार
परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यकता अनुसार कक्षा अवलोकन
निवेदन दस्तुर : रु. १,५००। मात्र ।
दरखास्त दिने अन्तिम मिति : २०८२ मंसिर २८ गते दिउँसो ४ बजे सम्म
सम्पर्क मिति : २०८२ मंसिर २९ गते
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईनेछ ।
परीक्षाको पाठ्यक्रम : शिक्षक सेवा आयोगको नियमानुसार
पुनश्च: १, आयोगको करार सुचीबाट दरखास्त परेमा अन्य उम्मेदवारको दरखास्त स्वत: रद्ध हुनेछ ।
२, म्याद नाघी आएको र आवश्यक कागजात अपुग भएमा दरखास्त लिईने छैन ।

**आवश्यक कागजातहरु :-**

- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी
- करार सुचीमा सुचीकृत उम्मेद्वारले यस अघि हालको सुची अनुसार कुनैपनि विद्यालयमा नियुक्ति नलिएको प्रमाणित व्यहोरा

**श्री महाकाली आधारभूत विद्यालय**
भीमफेदी-३, इक्चुङ
सम्पर्क नं. ९८५५०७०२५०, ९८६९१८७८९९

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना